"स्वच्छ, समृद्ध र समतामूलक उर्लाबारी"

# तीनवर्षे रणनीतिक योजना

## (आ.व २०८०।०८१ - २०८२।०८३ सम्म)

उर्लाबारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
उर्लाबारी, मोरङ
२०७९

# उर्लाबारी नगरपालिकाको
# ३ वर्षे रणनीतिक योजना प्रतिबेदन

## प्रतिवेदन
## २०७९

पेश गर्ने निकाय:
विराट सामुदायिक विकास केन्द्र काठमाडौं

पेश गरिएको निकाय:
उर्लाबारी नगरपालिका मोरङ

## १. उर्लाबारी नगरपालिकाको संक्षित परिचय

मोरङ जिल्लाको सदरमुकाम विराटनगरबाट करिव ५५ किलोमिटर पूर्वोत्तर क्षेत्रमा अवस्थित उर्लाबारी नगरपालिकालाई नेपाल सरकारको मिति २०७१।०१।२५ गतेको निणर्यानुसार नगरपालिकाको रुपमा घोषणा भई तत्पश्चात नेपाल सरकारको मिति २०७३।११।२७ को पुर्नसंरचनाको निर्णयानुसार साविक उर्लाबारी नगरपालिकामा साविक राजघाट गा.वि.स र साविक मधुमल्ला गा.वि.स. को वडा ७, ८ र ९ समायोजन भई उर्लाबारी नगरपालिकाको रुपमा कार्यान्वयन एक नगरपालिका हो । मोरङ जिल्लाकै नमूना नगरको रुपमा परिचिति हुन उन्मुख रहेको यस नगरपालिकाको पूर्वमा झापा जिल्लाको दमक नगरपालिका, पश्चिम क्षेत्रमा पथरीशनिश्चरे नगरपालिका र लेटाङ नगरपालिका, उत्तरमा मिक्लाजुङ्ग गाउँ पालिका र दक्षिणमा रतुवामाई नगरपालिकासँग सीमाना जोडिएको छ भने यस नगरपालिकाको क्षेत्रफल भने ७४.६२ वर्ग कि.मि. रहेको छ । समुन्द्री सतहबाट २६.६७ डिग्रि उत्तरी अक्षांश तथा ८७.६१ डिग्री पूर्वी देशान्तर भूभागमा यस नगर पालिका अवस्थित रहेको पाइन्छ । यस नगरमा करिव ७०,६०५ जनसंख्या मध्ये ५१.१३ प्रतिशत महिला र ४८.८७ प्रतिशत पुरुष सहित १३७६१ घरधुरी रहेको पाइन्छ । अधिकांश भू–भाग खेतियोग्य जमिन भएतापनि बढ्दो सहरीकरणले यस क्षेत्रको विकासमा व्यवस्थित योजना बनाई कार्य गर्नुपर्ने जरुरी भएको अवस्था छ । सन्थाल भाषाको दुई शब्दहरु उर्ला (बाघ) र वाडि (ठाउँ) अथवा बाघ बस्ने ठाउँको रुपमा परिचित पुरानो जंगल क्षेत्र क्रमिक रुपमा मानिसको बसोवास वृद्धिसँगै नगर क्षेत्रको रुपमा विकसित भएको मान्न सकिन्छ । उर्लाबारी चौकदेखि उत्तर मधुमल्ला हुँदै पाँचथरको रविसम्म जाने बाटो एवं दक्षिणतर्फ सिधा सदरमुकाम पुग्ने बैकल्पिक सडक भएबाट पनि यसको विकासको संभावना प्रचुर मात्रामा देख्न पाइन्छ । बेतिनी सिमसार, बुढा ठाकुर, लामपाते सिमसार हुनु र यसको प्रबद्र्धनमा नगरपालिका र स्थानीय स्तरमा भएको प्रयासले उर्लाबारी नगरपालिले पर्यटन विकासमा बढी मात्रामा संभावना बोकेको देखिन्छ ।

## २. भूमिका

**उर्लाबारी नगरपालिकाको हालको अवस्थालाई मध्यनजर गर्दै आगामी ३ वर्ष भित्रमा आर्थिक, भौतिक, सामाजीक, र सस्थागत विकास तथा सेवा प्रवाहमा के कस्तो सुधार तथा विकास ल्याउन सकिन्छ भनि नगरपालिकाका पदाधिकारी र विभागीय प्रमुखहरुको सल्लनतामा २ दिने रणनितिक कार्यशाला गोष्ठि आयोजना गरी छलफल बाट प्राप्त भएका सुझाव र निष्कर्ष तथा नगरपालिकामा भएका दस्तावेजहरुको अध्ययन र विश्लेषण लाई**

आत्मसात गरी आगामी तिन वर्षमा के कस्ता क्रियाकलापहरु संचालन गर्न सकिन्छ भनि रणनितिक योजनाको साराश तयार गरी आउने दिनमा नगरपालिका लाई कार्यन्वयनमा सहजता आउने देखि यो रणनितीक योजना तयार गरिएको छ। यो रणनितिक योजना तयार गर्न सहयोग गर्नु हुने सम्पुर्ण नगरपालिकाका नगरप्रमुख , उपप्रमुख नि. प्रशासकिय अधिकृत श्री मुरारी प्रसाद घिमिरे ज्यू लगाएत सम्पूर्ण नगरपालिका पदाधिकारी ज्यू तथा कर्मचारी हरु प्रति आभार प्रकट गर्दछौ ।

३. मुख्य उद्देश्यहरु

उर्लाबारी नगरपालिकाका ३ वर्षे रणनितिक योजना क्षेत्रगत तयार गरी साराश प्रतिबेदन तयार गर्नु मूलभूत उद्देश्य रहेको छ।

४. अपेक्षित उपलव्धी

- उर्लाबारी नगरपालिकाको क्षत्रे भित्र गरिने विकासको अवधारणागत स्पष्टता आएको हुनेछ।
- आथिक,भौतिक पूवार्धार विकास, सामाजीक तथा सस्थागत विकासमा के कस्ता विधि र प्रकृया अपनाई प्रभावकारी कार्यन्वयन गर्न सकिन्छ, त्यसमा स्पष्टता आएको हुनेछ ।
- क्षेत्रगत रणनितिक योजना प्रतिबेदन तयार भएको हुनेछ।
- ३ वर्षे रणनितिक योजनाको साराश प्रतिबेदन तयार भएको हुनेछ।

५. अध्ययन र कार्यशाला गोष्ठि तथा प्रतिबेदनको अवधि

प्रस्तुत अध्ययनक तथा कार्यशालागोष्ठि लगाएत प्रतिबेदन तयार अवधि १५ दिन रहेकोछ।

६. अध्ययन तथा गोष्ठिका विधिहरु

समूह छलफल, अन्तरकृया, संबद्ध नीति नियमको अध्ययन, र छलफल जस्ता विधिहरु उपयोग गरी यो रणनितिक योजना प्रतिवेदन तयार पारिएको छ।

## ७. प्रतिबेदनका सीमाहरु

यस  रणनितिक प्रतिबेदन  ले उर्लाबारी नगरपालिका अन्तर्गत रहेका क्षेत्रगत अवस्था र आगामी दिनमा सम्भावनाभएका क्षेत्रहरुमा कस्तो क्रियाकलापहरु संचालन गर्न सकिन्छ भनि स्पष्टता आएको हुनेछ ।

# उर्लाबारी नगरपालिकाको PESTEL विष्लेशणः

### १. राजनैतिक विश्लेषण

### १.१ सामाजिक अवस्था (Social Situation)

उर्लाबारी नगरपालिका विविध जातजाति, भाषाभाषी र संस्कृति भएका समुदायको साझा स्थलका रुपमा विकास भएको मझौला स्तरको शहरउन्मुख पालिका हो । पहाडीमूलका विभिन्न जातीहरु उत्तरका ताप्लेजुङ्ग, पाँचथर इलाम धनकुटा तेर्हथुम र नजिकैका पालिकाहरु मिक्लाजुङ तथा रतुवामाइ नगरपालिकाबाट बसाई सरी आएको र मधेशमुलका विभिन्न जातिहरु समेतका अन्तरघुलनबाट मिश्रित संस्कृति युक्त विविधतामा एकता रहेको समाज हो । विशेष गरी आर्थिक संवृद्धिको नयाँ अवसर सृजना भएको र उत्पादनमुखी सांस्कृतिक अन्तरसम्वन्ध विस्तार भएको पाईन्छ । नगरपालिका भित्र विकसित आयआर्जनका संभावना र सहिष्णुतापूर्ण सामाजिक मान्यताका कारण पर्यटकीय गन्तव्य स्थलका रुपमा नागरिकहरुको पहिलो रोजाईका रुपमा रहेको छ ।

पेशागत रुपमा सवै जातीका वहुसंख्यक परिवार कृषि तथा पशुपालन व्यवसायमा संलग्न रहेका छन् भने व्यापार तथा पर्यटन उद्योगमा नेवार मारवाडी र अन्य जातिको समेत उच्च बाहुल्यता रहेको छ । शिक्षण लगायतका सेवा व्यवसायमा ब्राम्हण जातिको संलग्नता बढी पाईन्छ ।नगरपालिका दर्ता भएका व्यवसायहरु मध्ये साना तथा लघु उद्यममा ब्राम्हाण, क्षत्री , नेवार, लिम्बु आदि जातिहरु बढी मात्रामा संलग्न पाईन्छ । पालिकाको मुख्य व्यापारिक केन्द्रका रुपमा वडा नं. ३, ४, ५,६ र ७ रहेका छन् । कृषि क्षेत्रका रुपमा वडा नं. २, ३, ७, ८ र ९ मा रहेको छ । पर्यटनका लागि वडा नं. २ र ३ प्रख्यात रहेका छन् । वातावरणीय दृष्टिकोणबाट पुर्व पश्चिम लोकमार्गसँग वन तथा सिमसारयुक्त भुभागहरु नजिकिएका छन तिनको संरक्षण जस्ता क्रियाकलापहरु वातावरणीय सन्तुलनका लागि यि क्षेत्रहरु पहिलो सरोकार रहेको पाईन्छ ।

### १.२ भौगोलिक अवस्थितिः

मानचित्रमा उर्लाबारी नगरपालिकाको भौगोलिक अवस्थिति निम्नानुसार रहेको छ ।

| | |
|---|---|
| भौगोलिक अवस्थिति | २६.५५° देखी २६.७२° अक्षांश र ८७.५७° देखि ८७.६५° देशान्तर |
| क्षेत्रफल | ७४.६२ बर्ग किमि |

| | |
|---|---|
| उचाई | समुन्द्रि सतहबाट ११६ मि.देखि १६४ मि. उचाई |
| सिमाना | पूर्वमा दमक नगरपालिका<br>पश्चिममा पथरीशनिश्चरे र लेटाङ नगरपालिका<br>उत्तरमा मिक्लाजुङ्ग गाउँपालिका<br>दक्षिणमा रतुवामाई नगरपालिका |

### १.३ ऐतिहासिक चिनारी तथा नामाकरण

तत्कालिन मधुमल्ला गा.वि.स.को वडा नं. ५,९ र लेटांग गा.वि.स.को वडा नं. ७,८ र ९ को क्षेत्र मिलाई २०३५ सालमा उर्लाबारी गाउँ पञ्चायतको रुपमा स्थापना भएको यो उर्लाबारी नगरपालिका हाल मोरङ्ग जिल्लाको विराटनगर पछिको दोश्रो ठूलो सहरको रुपमा परिचित छ । सन्थाल भाषाको दुई शब्दहरु उर्ला (बाघ) र वाडी (ठाउँ) अथवा बाघ बस्ने ठाउँको रुपमा परिचित पुरानो जंगल क्षेत्र मानवीय बसोवासको बृद्धि तथा वन फडाँनी सँगै शाब्दिक परिवर्तन समेत सँग–सँगै हुदैजाँदा आधुनिक उर्लाबारी नगरीको रुपमा विकसित भई अहिले आफ्नो छुट्टै पहिचान स्थापित गर्दै एक सुन्दर नगर बन्ने पाटोमा आफूलाई परिचित गराउँदै छ ।

### १.४ राजनीतिक अवस्थितिः

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार गरेको नमूना बमोजिम गठित नगरपालिका, गाउँपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सिमाना निर्धारण आयोगले मिति २०७३ पुस २२ मा पेश गरेको प्रतिवेदन अनुसार माननीय संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३।११।२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३।११।२७ मा देहाय बमोजिम प्रशासकिय हिसावमा यस नगरपालिका तत्कालिन मधुमल्ला, राजघाट र उर्लाबारी नगरपालिकाहरूलाई समेटेर निर्माण गरिएको हो । जुन वडागत रुपमा निम्न अनुसार रहेको छः

| वडा नं. | समावेश भएका साविक गा.वि.स/ न.पा | साविका वडा नं. |
|---|---|---|
| १ | मधुमल्ला | ७, ८ र ९ |

| | | |
|---|---|---|
| २ | उर्लाबारी | ७, ८ र ९ |
| ३ | उर्लाबारी | ६ |
| ४ | उर्लाबारी | १ र ५ |
| ५ | उर्लाबारी | २ |
| ६ | उर्लाबारी | ३ |
| ७ | उर्लाबारी | ४ |
| ८ | राजघाट | १, २, ३, ४ र ९ |
| ९ | राजघाट | ५, ६, ७ र ८ |

### १.५ धरातलिय अवस्थाः

भौगोलिक रुपमा २६.५५० देखी २६.७२० अक्षांश र ८७.५७० देखि ८७.६५० देशान्तर र समुन्द्रि सतहबाट ११६ मि.देखि १६४ मि. उचाई सम्म फैलिएको यो नगरपालिका तराई मैदान र आवादी क्षेत्र भएकोले यस क्षेत्रमा घना जंगल र सिमसार क्षेत्रहरु प्रसस्त मात्रामा रहेको पाइन्छ । यहाँको केही भागमा धार्मिक तथा कबुलियत वन पाउन सकिन्छ । उष्ण मनसुनी हावापानीको असर पर्ने यस क्षेत्रमा उत्तरतर्फ भन्दा दक्षिण तर्फ तापक्रम बढी हुने गर्दछ । यस नगरपालिकालाई पूर्व(पश्चिम राजमार्गले मध्यभागबाट उत्तर दक्षिणमा विभाजन गरेको छ ।

### १.६ जनसाख्यिक विवरणः

नगरपालिका क्षेत्रमा कुल १७६५० घरधुरीमा ३७५५२ महिला र ३३३५६ पुरुष गरी कुल ७०९०८ मानिस बसोबास गर्दछन । प्रमुख रुपमा जनजाति समुदायको बसोवास रहेको पाउन सकिन्छ। कुल घरपरिवारहरु मध्ये ४२ प्रतिशतको परिवारको सदस्यहरु कुनै न कुनै काम विशेषले अस्थायी रुपमा घरवाहिर वस्ने गरेको पाईएको छ ।

## २. नगरपालिकाको आर्थिक गतिविधिः

उर्लाबारी नगरपालिकाको विभिन्न शाखाहरुबाट उपलब्ध गराईएको सूचना तथा तथ्यांकको आधारमा नगरपालिकाको मूख्य आर्थिक स्रोत कृषि, पशुपन्छी पालन, व्यापार, पर्यटन र बैदेशिक रोजगार रहेको पाइन्छ । खासगरी वडा नं. २, ८ र ९ लाई व्यवसायिक पशुपालनका दृष्टिले बढी सम्भावना भएको क्षेत्रको रुपमा लिन सकिन्छ । वडागत रुपमा वडा नं ३,४,५,६ र ७ व्यापारिक केन्द्र, वडा नं. १, २ र ३ वनपैदावर, वडा नं. २ र ३ पर्यटनको लागि बढी सम्भावना भएको क्षेत्रहरु हुन ।

विकासको प्राथमिकताको हिसाबले भौतिक पूर्वाधार विकास, कृषि, पर्यटन, पशुपालन, शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, वन पैदावर र कृषि उत्पादनमा आधारित उद्योग यातायात विकास क्रमशः रहेका छन् । माथिल्लो छिमेकी पालिका मिक्लाजुङ्ग गाउँपालिकाको चुरे श्रृङ्खलाबाट शुरुभएका खहरेले निर्माण गरेको सिमसार क्षेत्रलाई मानव निर्मित दहका रुपमा पर्यटन (जलविहार), माछा पालन र सिंचाई गरी आर्थिक विकासको प्राथकितामा राख्न सकिन्छ । वन पैदावर र जडीबुटी यहाँको आर्थिक विकासको प्रचुर सम्भावना भएको क्षेत्रको रुपमा लिन सकिन्छ ।

आर्थिक विकास तथा सशक्तिकरण केन्द्रिय सरकार देखि स्थानीय तह सम्मको प्रमुख उद्देश्यका रुपमा रहेको हुन्छ । रोजगारीको अवस्था सिर्जना, प्राविधिक शिक्षा, उद्योग धन्दाको पूर्ण विकास, व्यावसायिक खेती प्रणाली, जलविद्युत, पर्यटनको प्रर्वद्धन आदि बाट आर्थिक विकास हुन सक्ने मानिन्छ । रोजगारीले मानिसहरुलाई सवल र सक्षम पनि बनाउने गर्दछ । यस्तो रोजगारी स्वदेशमा गरिने र विदेशमा गरिने गरी मुख्य रुपमा दुई प्रकारको हुने गर्दछ । यिनीहरु मध्ये  विदेशमा गरीने नोकरीबाट वैदेशिक मुद्रा आर्जनमा सहयोग पुग्ने गर्दछ भने आन्तरिक रोजगारीले मानिसलाई सक्षम बनाउन मदत्त गर्दछ । वर्तमानमा उर्लाबारी नगरपालिकाबाट आर्थिक विकास तथा सशक्तिकरणका लागि गरिएका मुख्य कार्यहरुमा, उर्लाबारी नगरपालिका घोषणा भए पश्चात् कार्यालय स्थापना गरी कार्य सञ्चालन, विकास निर्माण तर्फ बाटो ग्राभेल, कल्भर्ट निर्माण, विद्यालय, मठमन्दिर, निर्माण तथा मर्मत सुधार, लक्षित वर्ग तर्फ विभिन्न सिप मूलक, आयआर्जन, क्षमता अभिबृद्धि तालिमहरु, चेतनामुलक कार्यक्रमहरु सञ्चालन भएका छन् । उर्लाबारी नगरपालिकाको भौगोलिक अवस्था अनुसार बढि मात्रामा कृषियोग्य जमिन रहेको तथ्यांकले देखाएको र कृषि उत्पादनको लागि उर्वरा माटो तथा हावापानी भएको हुँदा हुदै पनि जनसंख्याको चापले गर्दा खेतियोग्य जमिन मासिँदै गएको अवस्था रहेको छ । यहाँ भएको कृषियोग्य भूमिलाई व्यवसायिक रुपमा उपयोग गर्न तथा कृषिमा आधुनिकीकरण ल्याउन सकेमा यस क्षेत्रमा वसोवास गर्ने जनताको आर्थिक उन्नती छिट्टै हुने देखिन्छ ।

### २.१ प्राविधिक, सीपयुक्त तथा विशेष दक्षता भएका मानव संशाधनको विवरणः

यस नगरपालिकामा बसोबास गर्ने प्रायः मानिसहरुले विशेष सीप तथा तालिमहरु लिएको देखिन्छ । यहाँको युवा जनशक्तिलाई सवल र सक्षम बनाउनको लागि विभिन्न क्षेत्रबाट विविध तालिमहरु प्रदान भएको पाईन्छ । यसरी तालिम प्राप्त गर्नेहरुमा विशेष गरी कृषि सम्बन्धी सिप तथा दक्षता हाँसिल हुने विभिन्न तालिमहरु लिएको देखिन्छ । जनसंख्याको आधारमा हेर्दा यस नगरपालिकामा ३०६२ जनाले कृषिको तालिम लिएको

पाइयो । यसै गरी सूचना तथा प्रविधि क्षेत्रमा ६५५ ,सिलाई बुनाईमा ५६९ ,सवारी चालक ८८५ ,होटल सम्बन्धी २८० ,ब्यूटी पार्लर सम्बन्धी १११ जना र क्रमशः बुटिक ,गाईड ट्राभल ,फोटो ग्राफी र हस्तकला गरी क्रमश ः४४ जना ,१२ जना ,८ जना ,१० जना देखिन्छ भने कुनै पनि सीप तालिम नलिएको मानिसहरुको संख्या ४६४२२ रहेको छ । तलको तालिकामा बिभिन्न प्राविधिक, सीपयुक्त तथा विशेष दक्षता भएका मानव संशाधनको विवरणलाई प्रस्तुत गरिएको छ ।

| विशेष सिप तथा तालिम | वडा | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | |
| सूचना तथा | ४४ | ८३ | ७८ | ५६ | ७ | ९६ | २१० | ३५ | ४६ | ६५५ |
| सिलाई बुनाई | ३७ | १२२ | ३९ | ३९ | ९ | ९१ | १५४ | ५४ | २४ | ५६९ |
| बुटिक | २ | १ | ४ | १३ | २ | ४ | ७ | ६ | ५ | ४४ |
| श्रृंगार सम्बन्धि तथा ब्यूटी पार्लर | ७ | ९ | ९ | २२ | ४ | १२ | २७ | ८ | १३ | १११ |
| निर्माण सम्बन्धि ( म्यासन, कार्पेन्ट्री, प्लम्बिङ्ग आदि) | ६५ | ८४ | ६ | १८७ | २ | ५६ | ६० | ४९ | १६ | ५२५ |
| इञ्जिनियरिङ्ग, अटोमोवाईल मेकानिक्स | ५ | २० | ८ | ३५ | ३ | ६ | ११ | १६ | ३ | १०७ |
| कृषि सम्बन्धि ( जे.टि.ए.र खाद्य प्रशोधन आदि) | ६५ | २७३ | ४ | २२ | १ | | १६ | ६९३ | १९८८ | ३०६२ |
| जन स्वास्थ्य सम्बन्धि | ६ | ११ | १२ | १८ | २८ | २४ | ११ | १५ | १६ | १४१ |
| पशु स्वास्थ्य सम्बन्धि | ८ | ६ | | ६ | २ | ३ | ७ | | ७ | ३९ |
| वन सम्बन्धि | ३ | ४ | २ | | | | ३ | | ३ | १५ |
| पर्यटन टुर गाईड, ट्राभल र सत्कार | | २ | ४ | २ | | | ४ | | | १२ |
| होटल सम्बन्धि | ३२ | २२ | ९ | २२ | | ५५ | १०५ | १६ | १९ | २८० |
| सवारी चालक | १६३ | ११२ | ९३ | ८८ | ५२ | ६१ | १५७ | ५७ | ७२ | ८५५ |
| कला सम्बन्धि ( हस्तकला, चित्र कला) | | १ | | | | ४ | ४ | | १ | १० |

| विशेष सिप तथा तालिम | वडा | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | |
| फोटोग्राफी | १ | | ५ | १ | | | १ | | | ८ |
| अन्य (खुलाउने) | ३२ | ७५ | १० | ४९ | | १२ | २४ | २९ | ३८ | २६९ |
| कुनै सिप र तालिम नभएको | ७२०२ | ५९२१ | ४६०१ | ४७९७ | ३९८५ | ३९३५ | ६२११ | ६३३१ | ३४३९ | ४६४२२ |

श्रोतः घरधुरी सर्वेक्षण २०७६

## २.१ मुख्य पेशा सम्बन्धी विवरणः

यस नगरपालिकामा बसोबास गर्ने मानिसहरुले अपनाएको मुख्य पेशाको रुपमा कृषि, व्यापार र नोकरीलाई लिन सकिन्छ । नगरपालिकाको वडा अनुसार विभिन्न पेशामा संलग्न मानिसहरुको विवरणलाई हेर्दा यहाँका मानिसहरु जिविकोपार्जनको लागि मुख्य रुपमा कृषिमा तथा नोकरीमा आश्रित तथा संलग्न भएको देखिन्छ । तलको तालिक र डायग्राममा बिभिन्न पेशामा संलग्न भएको जनसंख्या विवरणलाई प्रस्तुत गरिएको छ ।

| मुख्या पेशा | वडा | | | | | | | | | वडा गत जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| कृषि तथा खेती | १८०७ | १४०६ | १२६ | ८४ | ३८८ | ५३० | ३०० | २०१२ | २६२५ | ९२७८ | १३.१% |
| नोकरी | १६६ | २४२ | १८७ | ३६७ | १५९ | २२५ | ३२८ | २३३ | १०६ | २०१३ | २.९% |
| ज्यालादारी | ६८० | ३७२ | १८९ | ३०६ | ३२९ | ३७७ | ३१४ | २६८ | ७० | २९०५ | ४.१% |
| दक्ष रोजगारी | ९५ | ११४ | २६ | १४ | ६० | ७० | २२९ | ७० | ३७ | ७१५ | १.०% |
| वैदेशिक रोजगारी | ९११ | ९४५ | ५७० | ३०३ | ४४५ | ४९६ | ६५० | ८६२ | ६३८ | ५८२० | ८.२% |
| ब्यापार , व्यवसाय | १६१ | २८९ | ३४५ | १५८ | ३५६ | ४२३ | ६७९ | २२१ | १०६ | २७३८ | ३.९% |
| विस्तारित आर्थिक काम , उघोग | १ | ३ | २ | ३ | | ३ | १० | ७ | १ | ३० | ०.०% |
| बेरोजगार | १६४ | १५६ | ३६५ | २०१ | २२० | ८८ | २८१ | ५५६ | ७०६ | २७३७ | ३.९% |
| घरधन्दा | २२२० | ११८९ | १७५५ | २२८८ | ११५० | ९०७ | १६२८ | १९२२ | ६६३ | १३७२२ | १९.४% |

| मुख्या पेशा | वडा | | | | | | | | | वडा गत जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| अध्ययन | ५३७ | ५४२ | ६७६ | ५२४ | ६२३ | ५११ | ९४४ | ६१० | ३६३ | ५३३० | ७.५% |
| अन्य | १३० | ६९ | २५१ | ८ | ५ | २० | ५१ | ५४ | १४ | ६०२ | ०.९% |
| कुनै काम नगरेको | ८०० | १४१९ | ३९२ | ११०१ | ३६० | ७०९ | १४९४ | ५४८ | ३६१ | ७१८४ | १०.२% |
| १६ वर्ष भन्दा मुनिका काम गर्न नसक्ने बालबालिका | २५७४ | २२७० | १४५१ | २३१२ | १४६० | १३५६ | २२०९ | २२८९ | १६१० | १७५३१ | २४.८% |
| **जम्मा** | **१०२४६** | **९०१६** | **६३३५** | **७६६९** | **५५५५** | **५७१५** | **९११७** | **९६५२** | **७३००** | **७०६०५** | **१००.०%** |

*श्रोत: घरधुरी सर्वेक्षण २०७६*

## २.२ औषत मासिक पारिवारिक आम्दानी विवरणः

यस नगरपालिकाका घरपरिवारको मासिक आम्दानी २५००० भन्दा बढी रहेको छ । मासिक रुपमा जति आम्दानी हुन्छ उत्तिकै मात्रामा खर्च हुनुले उनीहरुको आर्थिक अवस्था पनि कमजोर रहेको देखिन्छ । व्यापार व्यवसायको क्षेत्रमा कम संलग्नता, खेतिको असमान वितरण, चेतना र प्राविधिक ज्ञानको कमी आदि कारणले गर्दा यस नगरपालिकाका बासिन्दाको मासिक आय स्तर त्यति राम्रो भएको पाँईदैन । आय कम भएका कारण नै मानिसहरुले अत्यावश्यक बस्तुहरुमा पनि कटौती गर्ने हुनाले यसका लागि सिपमुलक तालिम, शिक्षाको प्रचुरतम प्रचार प्रसार तथा आय आर्जनका वैकल्पिक उपायको खोजी गर्न पनि त्यत्तिकै आवश्यक देखिन्छ । देशको अन्य स्थानहरुमा जस्तै यहाँ पनि कृषि मुख्य पेशाको रुपमा रहेको तथा कृषि नै आर्यआर्जनको एक महत्वपूर्ण क्षेत्र भएकोले गर्दा कृषिमा आधुनिकिकरण गर्ने तर्फ बढी जोड दिनु पर्ने देखिन्छ । तलको तालिकामा यस नगरपालिकामा बसोबास गर्ने बासिन्दाहरुको औषत मासिक पारिवारिक आम्दानी विवरणलाई विस्तृत रुपमा प्रस्तुत गरिएको छ ।

| क्र. सं. | औषत मासिक पारिवारिक आम्दानी | वडागत घरपरिवार संख्या | | | | | | | | | वडागत जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | |
| १ | १००० भन्दा कम | २१० | २४१ | ४५ | ७३ | ७ | १२ | ४९ | ४०३ | ४० | १०८० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | १००० - २००० | ७ | ७ | ३ | ८ | | ३ | २८ | १३९ | ४९ | २४४ |
| ३ | २००१ - ३००० | ४ | ४ | २ | १ | | ३ | ११ | ४१ | २८ | ९४ |
| ४ | ३००१ - ५००० | ५५ | १११ | १६ | ३४ | १४ | १९ | ७२ | ११० | ११३ | ५४४ |
| ५ | ५००१ - १०००० | १६५ | २३४ | ९५ | १७४ | ८० | ६९ | १५५ | १५९ | ११० | १२४१ |
| ६ | १०००० - १५००० | २३४ | २१८ | १०० | १९१ | २५१ | ११५ | २४२ | १५० | ९९ | १६०० |
| ७ | १५००० - २५००० | ६७५ | ६४७ | २८७ | ६८५ | ४५५ | ३८९ | ४३४ | ४४८ | २१७ | ४२३७ |
| ८ | २५००० भन्दा माथि | ५०६ | ४८७ | ५९० | ७०२ | २६८ | ४५६ | ७४४ | ३५० | ६१८ | ४७२१ |
| **जम्मा** | | **१८५६** | **१९४९** | **११३८** | **१८६८** | **१०७५** | **१०६६** | **१७३५** | **१८००** | **१२७४** | **१३७६१** |

*श्रोतः घरधुरी सर्वेक्षण २०७६*


## २.३ औषत बचतः

यस नगरपालिकाको प्रायः मानिसहरुको कुनै न कुनै पेशामा संलग्नता रहेको पाइन्छ । यहाँका प्रायः मानिसहरु कृषि पेशा अपनाई रहेको देखिन्छ भने बाँकी कोही व्यापार व्यवसाय संचालन गरेर बसेका छन भने कोही नोकरी,उद्योग दैनिक ज्यालादारी तथा अन्य पेशामा संलग्न रहेको पाइन्छ । यसर्थ यहाँका घरपरिवारको बचत पनि सोही अनुसार हुने गरेको छ । औषत रुपमा हेर्ने हो भने मासिक ५०० देखी १००० हजार सम्म बचत गर्नेको परिवार संख्या उच्च देखिएको छ । यस्तो बचत गर्ने परिवार मध्यम स्तरको आय आर्जन गर्ने परिवार भित्र पर्दछन भने २१९ घर परिवारको मासिक बचत रु १०००० भन्दा बढी पाइएको छ । यसरी मासिक बचत गर्नेमा मध्यम तथा उच्च आयस्तर भएका परिवार, ठूला व्यापारीहरु पर्दछन् भने दैनिक ज्यालादारी गरेर खाने घर परिवारको औषत बचत शून्य हुने गरेको देखिएको छ ।

| **औषत मासिक खर्च** | **वडागत रुपमा घरपरिवार संख्या** | | | | | | | | | **वडागत जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | **१** | **२** | **३** | **४** | **५** | **६** | **७** | **८** | **९** | |
| शुन्य | २८८ | १९८ | २६९ | ४९८ | १२८ | ४०७ | ४१६ | ४०७ | ३९६ | २९७७ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५०० - १००० | ६६७ | ४५९ | ५८७ | ४९८ | २६२ | ४०७ | ८६३ | ५७३ | ४४४ | ४७६० |
| १००१ - २००० | ६७६ | ६२५ | २२८ | ६९२ | ६५६ | २६६ | २९८ | ४७२ | २५९ | ४१७२ |
| २००१ - ३००० | १८४ | ४३० | ३४ | ४७ | २१ | ६० | ८६ | १६३ | १११ | ११३६ |
| ३००१ - ५००० | १० | ३ | ८ | ४ | ६ | ९ | ७ | २० | १४ | ८१ |
| ५००१ - १०००० | २३ | ६१ | ११ | १३ | २ | १८ | ५१ | १४५ | ४८ | ३७२ |
| १०००० भन्दा माथि | ८ | १७३ | १ | | | १ | १४ | २० | २ | २१९ |
| जम्मा | १८५६ | १९४९ | ११३८ | १८६८ | १०७५ | १०६६ | १७३५ | १८०० | १२७४ | १३७६१ |

श्रोत: घरधुरी सर्वेक्षण २०७६




## २.४ भू-उपयोग

वर्तमान भू–उपयोग हेर्दा ६१.९१ प्रतिशत भू–भाग कृषि योग्य जमिन रहेको देख्न सक्छौ । खोला नालाले करिब ६.४४ र आवासिय क्षेत्रले करिब २३.०२ प्रतिशत भू–भाग ओगटेको देखिन्छ भने बाँकि अन्य विविध प्रयोजनको लागि उपयोग भैरहेको देखिन्छ ।

| भू-उपयोग/वडा | बर्ग कि.मि | हेक्टरमा | प्रतिशत |
|---|---|---|---|
| खेतियोग्य जमिन | ३५.९१ | ४६०२.३ | ६१.९१% |
| व्यापारिक क्षेत्र | १०.०६ | १८.३१ | ०.२५% |
| जंगल | २.८४ | ४८८.२ | ६.५७% |
| आवासिय | २०.२४ | १७१०.९९ | २३.०२% |
| नदी किनार | ३.९४ | १३५.५ | १.८२% |
| नदी | १.१८ | ४७८.७ | ६.४४% |
| जम्मा | **७४.१७** | ७४.३४ | १००% |

## २५. कृषि तथा पशुपालन

तराईको उर्वर भूमि समेटेको यस नगरपालिकाका प्रमुख कृषि उत्पादन धान रहेको छ । यहाँको कूल घरधुरी मध्ये ६००२ घरपरिवारमा धानको उत्पादन भएको देखिन्छ भने मकै उत्पादन गर्नेको संख्या ५८ ,गहुँ उत्पादा गर्ने १ घर तथा कोदो , दाल , चना , सिमी जस्ता अन्नवालीहरु कम उत्पादन भएको देखिन्छ भने यस नगरपालिकाको ७६६० घरपरिवारले कुनै पनि कृषि उत्पादन गरिएको देखिँदैन ।

| कृषि उतपादन | वडा | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | |
| **धान** | ९३२ | ९२८ | २६२ | ६३७ | २१२ | २७४ | ३९५ | १२३४ | ११२८ | ६००२ |
| मकै | १ | ३ | | ५१ | | | ३ | | | ५८ |
| गहूँ | | १ | | | | | | | | १ |
| कोदो | | १ | | ४ | | | | | | ५ |
| दाल | | १ | | ४ | | १ | | १ | | ७ |
| रहर | | | | | | | | २ | | २ |
| मुसुरो | | | | २ | | | | | | २ |
| चना | | | | | | | १ | | | १ |
| सिमी | | | | १ | | | | | | १ |
| तोरी र सस्र्यु | | | | २ | | | | १ | | ३ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| आलु | | | | १ | | | १ | | | २ |
| बन्दा, काउली र रायो | २ | | | | | | | | | २ |
| बोडी | | | | १ | | | | | | १ |
| गेलभेंडा | | | | १ | | | | | | १ |
| आँप र लिच्चि | | | | १ | | | १ | | | २ |
| किवि | | | | १ | | | | | | १ |
| पशु पंक्षी पालन | | २ | | ६ | | | १ | १ | | १० |
| कुनै पनि छैन | ९२१ | १०१३ | ८७६ | ११५६ | ८६३ | ७९१ | १३३३ | ५६१ | १४६ | ७६६० |
| **जम्मा** | **१८५६** | **१९४९** | **११३८** | **१८६८** | **१०७५** | **१०६६** | **१७३५** | **१८००** | **१२७४** | **१३७६१** |

*श्रोत: घरधुरी सर्वेक्षण २०७६*

### २.६ पशुपंक्षीजन्य उत्पादन सम्बन्धी विवरणः

उर्लावारी नगरपालिकामा पशुपन्छी जन्य उत्पादनलाई आधार मानेर हेर्दा कुल १३७६१ घरपरिवार मध्ये ७७४ घरपरिवारको गाई–गोरु पालन गरेको पाईन्छ भने सबै भन्दा धेरै हाँस, कुखुरा पालन गरेको पाईन्छ जसमा १२४६ घरपरिवार रहेका छन् । यसरी पशु पंक्षी पालन गर्ने घरधुरीहरुमा कुनै घरपरिवारले चाँहि एउटै घरमा गाई, भैंसी, बाख्रा र कुखरा पालन गरेको देखिन्छ त्यसरी पालन गर्ने घर ६२५४ रहेका छन् भने सबै भन्दा न्यून मात्रामा अस्ट्रिच पालन भएको छ जसमा ३१ घरपरिवारको संलग्नता देखिन्छ । त्यसै गरी केहि पनि पशुपंक्षी पालन नगर्ने घरधुरी संख्या ३९५१ रहेको छन् । प्रस्तुत विवरणलाई तलको तालिकामा देखाईएकोछ ।

| **पशु पंक्षी** | **वडा** | | | | | | | | | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | |
| गाई गोरु | ८४ | ५८ | ११४ | ७४ | ३८ | ५५ | १४७ | १७७ | २७ | ७७४ |
| भैंसी, राँगो | १२ | २ | ६ | १६ | १ | ८ | १९ | २० | २ | ८६ |
| बाख्रा, च्यांग्रा, भेडा र भेडी | ६६ | ७३ | १०२ | १४२ | २०३ | १४५ | ११४ | ८७ | ३५ | ९६७ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| याक, चौरी | | १ | | | | | | | | १ |
| बंगुर, सुंगुर | ५४ | १०५ | ६३ | २३ | १२ | ३१ | ३३ | १०८ | २२ | ४५१ |
| हाँस, कुखुरा | १२८ | १९२ | १२४ | २१५ | १३६ | ५९ | २६२ | ७५ | ५५ | १२४६ |
| अष्ट्रिच | १ | | | ५ | | २ | १९ | ३ | १ | ३१ |
| गाई, भैंसी, बाखा, कुखुरा | १२६१ | १२८१ | २१८ | ७६७ | ३३१ | ३४२ | ११८ | ८६९ | १०६७ | ६२५४ |
| केही पनि नभएको | २५० | २३७ | ५११ | ६२६ | ३५४ | ४२४ | १०२३ | ४६१ | ६५ | ३९५१ |
| **जम्मा** | **१८५६** | **१९४९** | **११३८** | **१८६८** | **१०७५** | **१०६६** | **१७३५** | **१८००** | **१२७४** | **१३७६१** |

*श्रोतः घरधुरी सर्वेक्षण २०७६*

## ३. सामाजिक र साँस्कृतिक अवस्थाः

उर्लाबारी नगरपालिका भित्र रहेको शिक्षा, स्वास्थ्य, खानेपानी, वालवालिका तथा महिला विकास आदि लगायतको वर्तमान अवस्थालाई अध्ययन विश्लेषण गरिएको छ । नगरपालिका भित्र माथि उल्लेख गरिएका शिर्षक भित्रका उपलब्ध तथ्यांकहरुलाई संकलन गरी विश्लेषण गरिएको छ ।

### ३.१ शैक्षिक तथा मानव संशाधन विकास

उर्लाबारी नगरपालिकामा रहेका शैक्षिक संस्थाहरु सम्बन्धी विवरणः

| क.स. | विद्यालयको नाम | ठेगाना | कक्षा सञ्चालन |
|---|---|---|---|
| १ | श्री शारदा माध्यमिक विद्यालय | उर्लावारी-१ | १ देखि १० |
| २ | श्री नुनसरी आधारभूत विद्यालय | उर्लावारी-१ | १ देखि ८ |
| ३ | श्री लक्ष्मी आधारभूत विद्यालय | उर्लावारी-१ | १ देखि ८ |
| ४ | श्री बालज्योति आधारभूत विद्यालय | उर्लावारी-१ | १ देखि ५ |
| ५ | श्री शान्ती आधारभूत विद्यालय | उर्लावारी-२ | १ देखि ८ |
| ६ | श्री सरस्वती आधारभूत विद्यालय | उर्लावारी-२ | १ देखि ८ |
| ७ | श्री सुनझोडा माध्यमिक विद्यालय | उर्लावारी-२ | १ देखि १० |
| ८ | श्री सुनपकुवा माध्यमिक विद्यालय | उर्लावारी-२ | १ देखि १२ |
| ९ | श्री दुर्गा माध्यमिक विद्यालय | उर्लावारी-३ | १ देखि १० |

| | | | |
|---|---|---|---|
| १० | श्री भानु आधारभूत विद्यालय | उर्लावारी-४ | १ देखि ८ |
| ११ | श्री सृजना आधारभूत विद्यालय | उर्लावारी-४ | १ देखि ८ |
| १२ | श्री राधिका माध्यमिक विद्यालय | उर्लावारी-६ | १ देखि १२ |
| १३ | श्री नमूना शिक्षासदन आश्रम | उर्लावारी-७ | १ देखि २ |
| १४ | श्री राधिका माध्यमिक विद्यालय | उर्लावारी-७ | १ देखि १० |
| १५ | श्री अरनिको माध्यमिक विद्यालय | उर्लावारी-८ | १ देखि १२ |
| १६ | श्री लक्ष्मी माध्यमिक विद्यालय | उर्लावारी-८ | १ देखि १० |
| १७ | श्री शान्ति क्षेत्र आधारभूत विद्यालय | उर्लावारी-८ | १ देखि ५ |
| १८ | श्री बहादुर बाबा चौधरी आधारभूत विद्यालय | उर्लावारी-८ | १ देखि ५ |
| १९ | श्री सार्वजनिक माध्यमिक विद्यालय | उर्लावारी-९ | १ देखि १० |
| २० | श्री महाराज आधारभूत विद्यालय | उर्लावारी-९ | १ देखि ८ |
| २१ | श्री राजघाट आधारभूत विद्यालय | उर्लावारी-९ | १ देखि ८ |
| २२ | श्री प्रभात आधारभूत विद्यालय | उर्लावारी-९ | १ देखि ८ |

**संस्थागत निजि विद्यालयको नामः**

| क.सं. | विद्यालयको नाम | वडा | कक्षा सञ्चालन |
|---|---|---|---|
| १ | झारसाँदी इङ्गलिस बोर्डिङ्ग स्कूल | १ | माध्यामिक |
| २ | ब्रिलियन्ट इङ्गलिस बोर्डिङ्ग | २ | आधारभूत |
| ३ | विद्या ज्योति बोर्डिङ्ग स्कूल | ३ | माध्यामिक |
| ४ | शुभकामना बोर्डिङ्ग स्कूल | ३ | माध्यामिक |
| ५ | सनसाईन बोर्डिङ्ग स्कूल | ३ | माध्यामिक |
| ६ | श्री हिमालय बाल संसार बोर्डिङ्ग स्कूल | ३ | माध्यामिक |
| ७ | हिमचूली इङ्गलिस बोर्डिङ्ग स्कूल | ४ | आधारभूत |
| ८ | न्याशनल भिजन | ४ | आधारभूत |

| | | | |
|---|---|---|---|
| ९ | सेन्ट स्टाफेन्स | ४ | आधारभूत |
| १० | उर्लाबारी लिटिल एन्जल्स | ५ | आधारभूत |
| ११ | उर्लाबारी नमुना मन्टेस्वरी स्कूल | ५ | वाल बिकास |
| १२ | शिक्षा निकेतन मन्टेस्वरी | ५ | वाल बिकास |
| १३ | मनकामना मन्टेस्वरी | ५ | वाल बिकास |
| १४ | बल बाटिका मन्टेस्वरी | ५ | वाल बिकास |
| १५ | सुनगाभा इङ्गलिस बोर्डिङ्ग स्कूल | ५ | उच्च माध्यामिक |
| १६ | पल्लवी विद्या मन्दीर | ५ | माध्यामिक |
| १७ | सप्तकोशी इङ्गलिस बोर्डिङ्ग स्कूल | ५ | उच्च माध्यामिक |
| १८ | मोरंग मोडल बोर्डिङ्ग स्कूल | ६ | उच्च माध्यामिक |
| १९ | मोडेल पब्लिक स्कूल | ६ | आधारभूत |
| २० | होली चिल्ड्रेन स्कूल | ६ | आधारभूत |
| २१ | कुडोस्वि विद्यासदन | ६ | माध्यामिक |
| २२ | पार्लेन्स इङ्गलिस बोर्डिङ्ग स्कूल | ७ | माध्यामिक |
| २३ | भृकुटी इङ्गलिस बोर्डिङ्ग स्कूल | ७ | उच्च माध्यामिक |
| २४ | ललि गुराँस ईंग्लिश बोर्डिङ्ग स्कूल | ७ | माध्यामिक |
| २५ | दीप शिखा मन्टेस्वरी स्कूल | ७ | वाल बिकास |
| २६ | पशुपती इङ्गलिस बोर्डिङ्ग स्कूल | ७ | उच्च माध्यामिक |
| २७ | नेवुला इङ्गलिस बोर्डिङ्ग स्कूल | ८ | माध्यामिक |
| २८ | प्रतिभाइ ङ्गलिश बोर्डिङ्ग स्कूल | ८ | माध्यामिक |
| २९ | न्यूभिजन एकेडेमी | ८ | आधारभूत |
| ३० | मेरिगोल्ड नेशनल एकेडेमी | ८ | आधारभूत |
| ३१ | शिशु शिक्षा सदन बोर्डिङ्ग स्कूल | ९ | माध्यामिक |
| ३२ | ओभल अंग्रेजी बोर्डिङ्ग | ९ | आधारभूत |

| | | | |
|---|---|---|---|
| ३३ | श्री अन्यवयुस इंग्लिश बोर्डिङ्ग स्कूल | ९ | आधारभूत |

### ३.२ साक्षरता विवरणः

उर्लाबारी नगरपालिकाको साक्षरता सम्बन्धी विवरणलाई हेर्दा साक्षरता दर ७८.६ प्रतिशत रहेको देखिन्छ । यहाँको कुल जनसंख्या मध्ये पढ्न मात्र जान्ने १८२० रहेका छन् । त्यसै गरी पढ्न र लेख्न जान्ने ५३६६४ जना रहेका छन् भने पढ्न लेख्न दुवै नजान्ने १५१२१ जना रहेका छन् । तलको तालिका तथा पाई चार्टमा उर्लाबारी नगरपालिकाको साक्षरता सम्बन्धि विवरण लाई विस्तृत रुपमा प्रस्तुत गरिएको छ ।

| साक्षरता | वडा | | | | | | | | | वडागत जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| पढ्न मात्र जानेका | २४४ | ६०७ | ४४ | १७४ | १ | ११ | १४२ | ३८८ | २०९ | १८२० | २.६% |
| पढ्न लेख्न जानेको | ७७२५ | ६२८६ | ५०९६ | ६०६० | ४८१९ | ४६७९ | ७२०० | ६४१३ | ५३८६ | ५३६६४ | ७६.०% |
| पढ्न लेख्न दुवै नजानेको | २२७७ | २१२३ | ११९५ | १४३५ | ७३५ | १०२५ | १७७५ | २८५१ | १७०५ | १५१२१ | २१.४% |
| जम्मा | १०२४६ | ९०१६ | ६३३५ | ७६६९ | ५५५५ | ५७१५ | ९११७ | ९६५२ | ७३०० | ७०६०५ | १००.०% |

*श्रोतः श्रोतः घरधुरी सर्वेक्षण २०७६*


### ३.३ स्वास्थ्य र पोषणः

### ३.१ स्वास्थ्य संस्था सम्बन्धि विवरणः


| स्वास्थ्य संस्था | संख्या | स्वास्थ्य संस्था | संख्या |
|---|---|---|---|
| सरकारी अस्पताल | १ | पोलिक्लिनिक | ७ |
| प्राथमिक स्वास्थ्य केन्द्र | ० | प्रसुति केन्द्र (बर्थिङ सेन्टर) | १ |
| स्वास्थ्य चौकी | १ | सुरक्षित गर्भपतन केन्द्र | २ |
| आधारभुत स्वास्थ्य केन्द्र | ८ | ५ वटै अस्थाई परिवार नियोजन भएको | २ |

| | | | |
|---|---|---|---|
| सामुदायिक स्वास्थ्य इकाइ | ० | माइक्रोस्कोपिक सेन्टर | २ |
| शहरी स्वास्थ्य केन्द्र | ० | डट्स सेन्टर | ९ |
| गाउँघर क्लिनिक | ५ | | |
| खोप क्लिनिक | १४ | | |
| आयुर्वेदिक औषधालय | १ | | |
| निजी अस्पताल, नर्सिङ होम | ३ | | |

**३वाको अवस्थाःस्वास्थ्य से २.**


11208 Urlabari Municipality
150k
125k
100k
75k
50k
25k
0
52 425
59 827
102 099
71 270
82 136
123 885
New Clients Served
Total Clients Served
Shrawan 2076 to Asar 2077
Shrawan 2077 to Asar 2078
Shrawan 2078 to Asar 2079

## ३.३ खोपको अवस्थाः


11208 Urlabari Municipality
125
100
75
50
25
0
113.2
100.2
90.3
87.2
98.1
90.4
85
98.4
89.4
86.4
94.4
89.9
96.2
93.9
90.5
76.4
99.8
90.7
Percentage of children under one year immunized with BCG
Percentage of children under one year immunized with DPT-HepB-Hib3
Percentage of children under one year immunized with PCV 3
Percentage of children under one year immunized with FIPV 2nd
Percentage of children 12-23 months immunized with JE
Percentage of children aged 12-23 months immunized with measles/rubella 2
Shrawan 2076 to Asar 2077
Shrawan 2077 to Asar 2078
Shrawan 2078 to Asar 2079

## ३.४ खानेपानी तथा सरसफाईः

खानेपानी तथा सरसफाई स्वास्थ्य सँग प्रत्यक्ष सरोकार रहेको विषय हो । स्वास्थ्य जिवन जिउनका लागि यी तत्वको निकै महत्व रहेको हुन्छ र यस बारेमा सचेत पनि रहनु पर्दछ । खानेपानीले मानिसको स्वास्थ्यमा प्रत्यक्ष रुपमा असर गर्ने गर्दछ तसर्थ खानेपानी सफा तथा शुद्ध हुन आवश्यक छ र यसको साथसाथै सरसफाईमा पनि त्यतिकै जानकारी राख्नु पर्दछ । उर्लाबारी नगरपालिकामा उर्लाबारी खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाबाट हालसम्म ७२०० घरधुरीमा खानेपानी धारा जडान भई स्वच्छ खानेपानी वितरण भैरहेको अवस्था छ ।

## ३.५ खेलमैदान

| क.सं. | **खेल मैदान** | स्थान |
|---|---|---|
| १ | झार सौदी खेल मैदान | बिहिवारे |
| २ | टपु खेल मैदान | |
| ३ | कान्छी चोक पूर्व खेल मैदान | कान्छी चोक पूर्व |
| ४ | शान्ति निम्न माध्यामिक विद्यालय | उर्लावारी २ |
| ५ | सरस्वती निम्न माध्यामिक विद्यालय | उर्लावारी २ |
| ६ | माध्यामिक विद्यालय | उर्लावारी २ |
| ७ | माध्यामिक विद्यालय | उर्लावारी २ |
| ८ | मदन भण्डारी गोल्डकप स्थल | मदन राजमार्ग |
| ९ | चाईनिज क्याम्प खेल मैदान | मदन राजमार्ग |
| १० | श्री राधिका माध्यामिक विद्यालयको खेल मैदान | उर्लावारी -६ |
| ११ | अरनी माध्यामिक विद्यालय | दुर्गापुरी |
| १२ | वहादुर वावा | दुर्यापुरी गाईघाट |
| १३ | लक्ष्मी माध्यामि विद्यालय | अढियावारी |
| १४ | सामुदायिक स्वास्थ्य चौकि | दुर्गापुरी |
| १५ | आर्युवेद औषधालय | दुर्गापुरी |
| १६ | खैरेनी समाज समिति सामुदायिक भवन | दुर्गापुरी |

### ३.६ धार्मिक तथा पर्यटकीय स्थलहरुः

अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषी, बहुधर्म र सामाजिक विविधता एवं ऐतिहासिक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण नेपाल विश्व पर्यटन मानचित्रमा प्रमुख पर्यटकीय गन्तव्य स्थलको रुपमा सुपरिचित छ । विज्ञान, प्रविधि र सञ्चार प्रणालीमा भएको अभूतपूर्व विकासले समुच्च विश्व नै एउटा गाउँको रुपमा परिणत हुँदै गइरहेको अवस्थामा नेपालले यस्ता राष्ट्रिय सम्पदालाई विश्व सामु प्रस्तुत गर्दै विश्व पर्यटन बजारलाई आकर्षित गरी अत्यधिक लाभ लिन सक्ने क्षमता अभिवृद्धि गर्नु आवश्यक छ । पर्यटन व्यवसाय आफैंमा राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार भएकोले यस व्यवसायको विविधीकरण र विस्तारद्वारा आम नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार गर्नु अपरिहार्य भएको छ । यस प्रयोजनार्थ एकातर्फ नेपालका यी विविध सम्पदाको समुचित संरक्षण र सम्वद्र्धन गर्नु अत्यावश्यक भएको छ भने अर्कोतर्फ अन्तर्राष्ट्रिय हवाई यातायात सेवा लगायत पर्यटन सेवासँग सम्बद्ध सबै प्रकारका पूर्वाधार विकास गर्दै पर्यटन सेवा उद्योगको संख्यात्मक एवं गुणात्मक वृद्धि गर्नु आवश्यक छ । विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं पुरातात्विक महत्वका स्थलहरु रहेको यो नगरपालिकामा गहनाको रुपमा विभिन्न मठ मन्दिर तथा यहाँको लोक सँस्कृति आदि रहि आएका छन् जसको विस्तृत विवरण तल प्रस्तुत गरिएको छ ।

| वडा | धार्मिक तथा पर्यटकीय स्थल |
|---|---|
| १ | बुढा ठाकुर,सयङ्वछेक्लिङ्ग गुम्बा, नगेश्वोर शिवालय मन्दिर, बेथेल चर्च, दुर्गा देवी थान मन्दिर, सर्वेश्वोर शिवालय मन्दिर, किर्तेश्वोर मन्दिर, सिंह देवि मन्दिर |
| २ | जलेश्वर शिवालय मन्दिर, राधा कृष्ण मन्दिर, सूर्यनारायण मन्दिर, सिद्ध वौद्ध गुम्बा, जलपा देवि मन्दि |
| ३ | श्री नवनाथ चौरासीसिद्ध गुरुगोरक्षनाथ अखण्डधुनी मन्दिर, धिमाल जातीय विकास केन्द्र,राम जानकी मन्दिर, वराह वराही मन्दिर, दुर्गा मन्दिर,सत्यनारायण मन्दिर, महारुद्र शिव मन्दिर, किराँत राई आयोख्या, साङ्गके छेमोलिङ्ग गुम्बा, ॐ शान्ति पाठशाला, विन्ध्येवासिनी मन्दिर, सोमलिंग शिव मन्दिर, हनुमान मन्दिर, निसान भगवती मन्दिर |
| ४ | लक्ष्मी नारायण मन्दिर, शिवालय मन्दिर, सोमनाथ शिवालय मन्दिर |
| ५ | नेपाल बौद्ध गुम्बा, पूर्वाञ्चल बौद्ध गुम्बा, ॐ शान्ति भवन, मगर गुम्बा झुम्ब्रा, जेष्ठ नागरीक मिलन चौतारी, किराँत राई आयोख्या |
| ६ | महारुद्र शिवालय मन्दिर, शिद्धेश्वर शिव वावा धाम, गुरु गोरखनाथ मन्दिर, तमु बौद्ध गुम्बा, आम्मानन्द मिड.सोमाड्हीम, किराँत, कृष्ण मन्दिर, धिमाल बिकास केन्द्र, सिद्धेश्वर धाम, ढुंगाना प्रतिष्ठान, तामाङ्गहरुको गुम्बा |

| | |
|---|---|
| ७ | गणेश मन्दिर, दुर्गा मन्दिर, बौद्ध विहार,राधाकृष्ण मन्दिर, शिवालय मन्दिर, हनुमान मन्दिर, देवदाग मन्दिर |
| ८ | नागेश्वर शिव मन्दिर, गणेश मन्दिर, काली मन्दिर, सिद्धेश्वर मन्दिर, सत्सङ्ग भवन, राधा कृष्ण मन्दिर, मस्जिद, चर्च |
| ९ | शिवालय मन्दिर, सिंह काली मन्दिर, दुर्गा मन्दिर, जाल्पादेवि मन्दिर, किराँत याक्थुग चुलुङ्ग मन्दिर, चर्च उर्लाबारी |

## ४. सूचना तथा प्रविधि तथा सञ्चारको विकासः

४.१ सञ्चारः

यस नगरपालिकामा संचालित सञ्चार क्लब, पत्र पत्रिका, एफ.एम, रेडियो, आदिको प्राप्त भएसम्मको नामावली तल तालिकमा दिईएको छ ।

| क्र.सं. | माध्यमहरु |
|---|---|
| १ | सञ्चार क्लब नेपाल, उर्लाबारी |
| २ | निग्रनी दैनिक, उर्लाबारी |
| ३ | उर्लाबरी पेज डट कम |
| ४ | अल्कापुरी साप्ताहिक |
| ५ | पुर्बजोय्ती साप्ताहिक |
| ६ | राष्ट्रिय समाचार पत्र दैनिक, उर्लाबारी |
| ७ | ईन्देणी एफ.एम. उर्लाबारी |
| ८ | पाथीभरा साप्ताहिक |
| ९ | प्राइम एफ.एम. उर्लाबारी |

### ४.२ सूचना प्रविधिको प्रयोगः

यस उर्लाबारी नगरपालिकामा e-governance लाई कार्यान्वयन गर्ने नीति अनुरुप विगतका वर्षदेखी सूचना प्रविधिमा बजेट विनियोजन र कार्यक्रम कार्यान्वयन हुदै आएको अवस्था छ । प्रत्येक नगरवासीमा सूचनाको पहुँच पुर्याउने, नगरबाट जारी सूचना तथा जानकारीको नगरबासीमा तत्काल प्रवाह हुने व्यवस्थाका लागि नगरपालिकाबाट प्रयास भएको देखिन्छ ।

**४.२.१ नगरपालिकाले प्रयोगमा ल्याएको सफ्टवेयरको विवरणः**

| विषयक्षेत्र | सफ्टवेयर |
|---|---|
| प्रशासन | E-Attendance<br>Municipality Web-Site |
| योजना तथा अनुगमान शाखा | GWP (Janta Sagha Sarkar) |
| पूर्वाधार विकास तथा वातावरण शाखा | GWP |
| शिक्षा, युवा तथा खेलकुद शाखा | EMIS |
| स्वास्थ्य शाखा | GWP |
| भवन तथा बस्ती विकास शाखा | EBPS (Electronic building permit sys) |
| राजश्व शाखा | Sangrila software for electronic billing |
| महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा समाजिक विकास शाखा | GWP |
| सामाजिक सुरक्षा तथा पञ्जिकरण | Nepal Government Portal(Department of National ID and Civil Registration) |
| कृषि विकास शाखा | GWP |
| पशु पंक्षी विकास शाखा | GWP |
| आर्थिक प्रशासन शाखा | SUTRA |
| खरिद तथा सम्पति व्यतस्थापन शाखा | Government (PAMS) |
| वडा कार्यलय | GWP<br>Sangila<br>Panjikaran |

**४.२.२ सूचना प्रविधिको क्षेत्रमा भए/गरेका अन्य कार्यहरुः**

- विधुतिय सूचना प्रणाली Web Sms सञ्चालनमा रहेको ।
- उर्लाबारी नगरपालिकाको नयाँ भवनहरुमा Inter-Networking गरिएको ।
- नगरवासीहरुलाई नगरपालिकामा भएको सूचना सम्बन्धि विवरणलाई स्वत प्रकाशन Web-Site को माध्यमबाट गरिएको ।
- सुशासन कायम गर्न नगरपालिका र अन्तर्गतका कार्यलयमा विधुतिय हाजिरी सञ्चालनमा ल्याइएको।
- नगरपालिकाको कार्यालय, वडा कार्यालय र विभिन्न १० स्थानमा फि-वाइफाइ जडान भएको ।
- नगरपालिकामा सञ्चालनमा रहेको सर्भरको क्षमता वृद्धि गरिएको ।
- नगर प्रहरीको कार्यसम्पादनमा सहजता ल्याउन, सञ्चारमा सहजता ल्याउन वाकी-टकी सञ्चालनमा ल्याइएको र प्राविधिक सहायता प्रदान गरिँदै आएको ।
- नगरपालिकाको आय व्यय विबरण Web-Site मा हरेक महिना प्रविष्ट गरिएको ।
- सूचना प्रविधिसँग सम्बन्धित विभिन्न क्षमता विकासका तालिममा सहभागी भई त्यसको सिकाईलाई कार्यालयमा प्रयोगमा ल्याउदै आएको ।
- नगरपालिकाबाट गरिने खरिद प्रणालीलाई पारदर्शिता कायम गर्न र सूचना प्रविधिको प्रयोग गर्दै E-Bid मार्फत ठेक्का प्रकृया सञ्चालन गर्दै आएको ।

## ५. वातावरणीय अवस्था र विपद् व्यवस्थापनः

बढ्दो जनसंख्या र अरु बैकल्पिक व्यवस्थाहरुको अभावमा वन क्षेत्रमा चाप बढी रहेको छ । जसले गर्दा वन जंगलको विनास, भू–क्षय, जैविक विविधतामा ह्रास जस्ता पर्यावरणीय प्रतिकूलताहरु बढ्दै गएको छ ।

उर्लाबारी नगरपालिका रहेको वनहरुको संरक्षण तथा उचित उपयोग सहभागितामूलक सामुदायिक वन व्यवस्थापन प्रणलि गरेको देखिन्छ । दैविक प्रकोपले मानिसहरुलाई बेलाबेलामा सताउने पनि गर्ने गर्दछ । यस नगरपालिकामा बेलाबेलामा आईपर्ने दैवीक प्रकोपमा मुख्य रुपमा बाढी पर्दछन् ।

### ५.१ फोहोरमैला व्यवस्थापनः

यस नगरपालिकाका नगरवासीमा अझै पनि फोहोरमैलालाई कसरी व्यवस्थापन गर्ने भन्ने कुराको ज्ञानको कमी भएको देखीन्छ । जसको फलस्वरुप मानिसको स्वास्थ्यमा प्रतिकूल असर त पर्छ नै, यसको अलावा नगरको सुन्दरतामा समेत कमी हुन आउँछ । यसका लागी समय समयमा विभिन्न किसिमका कार्यक्रम संचालन गरेमा फोहोरमैला व्यवस्थापनमा विकास हुन गई नगरपालिका सफा, स्वच्छ तथा हरियाली बनाउन सकिन्छ । नगरपालिकाले साझेदारी संस्था मार्फत फोहोर संकलन र व्यवस्थापन गर्दै आएको छ । यस

नगरपालिकामा आफ्नै घर कम्पाउण्डमा फोहर जलाउने वा गाड्ने घरपरिवार १०१७८ रहेका छन् भने घरमा नै नगरपालिकाको फोहर संकलन गर्ने गाडी लिन आउँछ भनेर बताउने घरधुरी संख्या १५५९ रहेका छन् । यसै गरी कुहीने फोहरबाट कम्पोष्ट मल बनाउने ११३८ घरपरिवार रहेका छन् । तलको तालिकामा फोहोर मैला व्यवस्थापनलाई प्रस्तुत गरिएको छ ।

| **फोहर मैला** | **वडा** | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | **१** | **२** | **३** | **४** | **५** | **६** | **७** | **८** | **९** | **जम्मा** |
| आफ्नै घर कम्पाउण्ड भित्र जलाउने/गाढ्ने | १५७१ | १९३९ | ९०८ | १७४६ | ७७८ | ५४९ | ५६८ | १३५९ | ७६० | १०१७८ |
| फोहर थुपार्ने ठाउँ/कण्टेनरमा | ३ | ३ | १२४ | ६८ | ७ | १०६ | ३७६ | १०८ | ७ | ८०२ |
| घरमा नै लिन आउँछ | १ | | ९८ | ३४ | २८९ | ३७० | ७६० | ४ | ३ | १५५९ |
| कम्पोष्ट मल बनाउने | २८० | ७ | ६ | ५ | | २ | ११ | ३२३ | ५०४ | ११३८ |
| सडकमा | | | | | | | ५ | | | ५ |
| सार्वजनिक स्थलमा | | | | १ | | १ | ५ | १ | | ८ |
| नदी वा खोल्सामा | १ | | २ | १४ | १ | ३८ | ९ | ५ | | ७० |
| अन्य | | | | | | | १ | | | १ |
| **जम्मा** | **१८५६** | **१९४९** | **११३८** | **१८६८** | **१०७५** | **१०६६** | **१७३५** | **१८००** | **१२७४** | **१३७६१** |

*श्रोतः घरधुरी सर्वेक्षण २०७६*

## ५.२ प्रकोप र जोखिम स्तरीकरणः

यस नगरपालिकामा रहेको खोला नाला, खोलाले ओगटेको भाग तथा किनारमा रहेको बालुवाको भाग, पोखरी तथा कुलोहरुले करिब ९.४ प्रतिशत जमिन ओगटेको छ । नगरपालिका आसपासमा रहेका प्रमुख नदीहरुमा बक्राह खोला, भालु खोला,, मावा, मिक्लुक, नुन्सारी, रतुवा, सफेवा, सोल्टी, सुन्जोदा र तेलि रहेका छन् । यि खोलाहरुमा आउने बाढीले नगरपालिका ठूलो जोखिममा रहेको छ भने वर्षेनी ठूलो मात्रामा जनधनको क्षति पनि पुर्याउदै आएको छ । नगरपालिकाले बजेट विनियोजन तटबन्धन निर्माण गर्दै आएको छ । साथै अन्य

निकायहरु जनताको तटबन्धन कार्यालय, कोशी बक्राहा नदी नियन्त्रण परियोजनाबाट समेत नदी नियन्त्रणको कार्य हुदै आइरहेको अवस्था भएतापनि स्थायीरुपमा समस्या सामाधान गरिनु आवश्यक देखिएको छ । नगरपालिकामा हुन सक्ने प्रकोपको जोखिम स्तरीकरण निम्नानुसार गरिएको छ ।

| वडा | प्रकोप तथा जोखिमको स्तरीकरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाचौं | छैठौं | सातौं | आठौं |
| १ | जंगली जनावर | बाढी | डुबान तथा कटान | आगलागी | सडक दूर्घटना | संक्रामक रोग | चट्याङ | हुरीबतास |
| २ | जंगली जनावर | बाढी | डुबान तथा कटान | आगलागी | सडक दूर्घटना | संक्रामक रोग | चट्याङ | हुरीबतास |
| ३ | बाढी | संक्रामक रोग | सर्पदंश | डुबान तथा कटान | आगलागी | सडक दूर्घटना | चट्याङ | हुरीबतास |
| ४ | सडक दूर्घटना | बाढी | डुबान तथा कटान | सर्पदंश | आगलागी | संक्रामक रोग | चट्याङ | हुरीबतास |
| ५ | सडक दूर्घटना | बाढी | डुबान तथा कटान | सर्पदंश | आगलागी | संक्रामक रोग | चट्याङ | हुरीबतास |
| ६ | संक्रामक रोग | चट्याङ | हुरीबतास | सडक दूर्घटना | बाढी | डुबान तथा कटान | सर्पदंश | आगलागी |
| ७ | संक्रामक रोग | चट्याङ | हुरीबतास | सडक दूर्घटना | बाढी | डुबान तथा कटान | सर्पदंश | आगलागी |
| ८ | बाढी | डुबान तथा कटान | सर्पदंश | संक्रामक रोग | चट्याङ | हुरीबतास | आगलागी | सडक दूर्घटना |
| ९ | जंगली जनावर | बाढी | डुबान तथा कटान | आगलागी | सडक दूर्घटना | संक्रामक रोग | चट्याङ | हुरीबतास |

## ६. कानून र न्याय सम्पादनको अवस्थाः

### ६.१ न्यायिक समिति सम्बन्धी व्यवस्था र मेलमिलापको अवस्थाः

नेपालको संविधानको धारा २१७ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४६ बमोजिम यस उर्लाबारी नगरपालिकामा गठित न्यायिक समितिले उर्लाबारी नगरपालिका भित्र रहेका बिभिन्न प्रकृतिका बिवाद निराकरण गरि आएको छ । अति खर्चिलो लामो समय लाग्ने न्याय प्रणालिको बिकल्पको रुपमा मेलमिलाप पद्दतिबाट बिवाद निराकरण गर्दा पक्षहरुको खर्चको बचत, समयको बचत, आपसमा मेलमिलापबाट बैमनस्यताको अन्त्य आफुले रोजेको बिकल्पमा मेलमिलाप हुने हुदा जित जितको अबस्था भइरहेको छ । केहि अपवाद बाहेक हाल सम्म यस नगरपालिकामा निम्न बिवादहरु समाधान भएका छन् ।

| क.स | मिति | जम्मा दर्ता बिवाद | मिलापत्र भएका विवाद | वाकी विवाद | अल्या विवाद | बाकी विवाद जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ०७४/०७५ | ६८ | ५० | १८ | | १८ |
| २ | ०७५/०७६ | ७७ | ७० | ७ | १८ | २५ |
| ३ | ०७६/०७७ | ५२ | ६२ | १४ | १ | १५ |
| ४ | ०७७/०७८ | ५७ | ४४ | ८ | १० | १६ |
| ५ | ०७८/०७९ | ६८ | ५५ | २३ | ६ | २८ |
| | जम्मा | ३२२ | २८१ | २३ | २८ | २८ |

### ६.२ कानून निर्माणको वर्तमान अवस्थाः

नेपालको संविधानको धारा ५७ मा राज्यशक्ति बाँडफाँडसम्बन्धी व्यवस्था गरिएको छ । यसको उपधारा (४) मा 'स्थानीय तहको अधिकार अनुसूचि-८ मा उल्लिखित विषयमा निहित रहने र त्यस्तो अधिकारको प्रयोग यो संविधान र गाउँसभा वा नगरसभाले बनाएको कानून बमोजिम हुने' भनिएको छ । सोही धाराको उपधारा (५) मा 'संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार अनुसूचि-९ मा उल्लिखित विषयमा निहित रहने र त्यस्तो अधिकारको प्रयोग यो संविधान र संघीय कानून, प्रदेश कानून र गाउँ सभा वा नगर सभाले बनाएको कानून बमोजिम हुने' उल्लेख गरिएको छ । संविधानको धारा २२६ मा 'गाउँ सभा र नगर सभाले अनुसूची-८ र अनुसूची-९ बमोजिमको सूचिमा उल्लिखित विषयमा आवश्यक कानून बनाउन सक्ने र यस्तो कानून बनाउने प्रक्रिया प्रदेश कानूनले तोके बमोजिम हुने' उल्लेख गरिएको छ । संविधानको धारा ५७ को उपधारा (६) अनुसार प्रदेश सभा, गाउँ सभा वा नगर सभाले साझा अधिकारको विषयमा कानून बनाउँदा संघीय कानूनसँग नबाझिने गरी बनाउनु पर्दछ । प्रदेश सभा, गाउँ सभा वा नगर सभाले बनाएको त्यस्तो कानून संघीय कानूनसँग बाँझिएमा हदसम्म अमान्य हुन्छ । यस बाहेक स्थानीय सरकार संचालन ऐनको दफा १०२ मा पनि गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन सक्ने कुरा लेखिएको छ । यस्तो ऐनको अधीनमा रही कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका,

कार्यविधि र मापदण्ड बनाउन सक्तछ । साथै सो दफामा गाउँपालिका तथा नगरपालिकाले ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड राजपत्रमा प्रकाशन नभएसम्म त्यस्तो कानून लागू हुन नसक्ने कुरा उल्लेख गरेको छ । यही अधिकारको प्रयोग गरि नगरपालिकाले स्थानीय आवश्यकता अनुसार वर्तमान अवस्थासम्म देहायका कानून बनाई कार्यान्वयन गरिरहेको अवस्था छ ।

| क्र.सं. | कानूनको नाम | खण्ड | भाग | संख्या | प्रकार | राजपत्रमा प्रकासित मिति |
|---|---|---|---|---|---|---|
| १ | पदाधिकारीहरुको आचारसंहिता, २०७४ | १ | १ | १ | आचारसंहिता | २०७५।०६।१० |
| २ | उर्लाबारी नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७४ | १ | १ | २ | ऐन | २०७५।०६।१० |
| ३ | प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ | १ | १ | ३ | ऐन | २०७५।०६।१० |
| ४ | न्यायिक समिति (कार्यविधि सम्बन्धि) ऐन, २०७५ | १ | १ | ४ | ऐन | २०७५।०६।१० |
| ५ | आर्थिक ऐन, २०७५ | १ | १ | ५ | ऐन | २०७५।०६।१० |
| ६ | विनियोजन ऐन, २०७५ | १ | १ | ६ | ऐन | २०७५।०६।१० |
| ७ | स्थानीय स्वास्थ्य सरसफाई ऐन, २०७५ | १ | १ | ७ | ऐन | २०७५।०६।१० |
| ८ | नगर विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७५ | १ | १ | ८ | ऐन | २०७५।०६।१० |
| ९ | बजार अनुगमन निर्देशिका, २०७५ | १ | १ | ९ | ऐन | २०७५।०६।१० |
| १० | सहकारी ऐन, २०७६ | २ | १ | १ | ऐन | २०७६।०२।२३ |
| ११ | कृषि व्यवसाय प्रबद्र्धन ऐन, २०७६ | २ | १ | २ | ऐन | २०७६।०२।२३ |
| १२ | विनियोजन ऐन, २०७६ | २ | १ | ३ | ऐन | २०७६।०९।०३ |
| १३ | आर्थिक ऐन, २०७६ | २ | १ | ४ | ऐन | २०७६।०९।०३ |
| १४ | विनियोजन ऐन, २०७६ | २ | १ | ५ | ऐन | २०७६।०९।०३ |
| १५ | आर्थिक ऐन, २०७६ | २ | १ | ६ | ऐन | २०७६।०९।०३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६ | आर्थिक ऐन, २०७७ | ३ | १ | १ | ऐन | २०७७।०३।३१ |
| १७ | विनियोजन ऐन, २०७७ | ३ | १ | २ | ऐन | २०७७।०३।३१ |
| १८ | संघ संस्था दर्ता ऐन, २०७८ | ४ | १ | १ | ऐन | २०७८।०३।२३ |
| १९ | वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८ | ४ | १ | २ | ऐन | २०७८।०३।२३ |
| २० | उर्लाबारी नगरपालिकाको कर्मचारीको तह तथा स्तरवृद्धि सम्बन्धमा व्यवस्था गर्ने ऐन, २०७८ | ४ | १ | ३ | ऐन | २०७८।०३।३१ |
| २१ | आर्थिक ऐन, २०७८ | ४ | १ | ४ | ऐन | २०७८।०३।३१ |
| २२ | विनियोजन ऐन, २०७८ | 4 | १ | 5 | ऐन | २०७८।०३।३१ |
| २३ | आर्थिक ऐन, २०७९ | 5 | १ | 1 | ऐन | २०७९।०३।३१ |
| २४ | विनियोजन ऐन, २०७९ | 5 | १ | 2 | ऐन | २०७९।०३।३१ |
| २५ | नगर शिक्षा ऐन, २०७९ | 5 | १ | 3 | ऐन | २०७९।०४।०१ |
| २६ | खानेपानी सेवा (व्यवस्थापन तथा नियमन) सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ | ५ | १ | ४ | ऐन | २०७९।०४।०१ |
| २७ | सहकारी (पहिलो संशोधन) ऐन, २०७९ | ५ | १ | ५ | ऐन | २०७९।०४।०१ |
| २८ | आर्थिक (पहिलो संशोधन) ऐन, २०७९ | ५ | १ | ६ | ऐन | २०७९।१०।२६ |
| २९ | विनियोजन (पहिलो संशोधन) ऐन, २०७९ | ५ | १ | ७ | ऐन | २०७९।१०।२६ |
| ३० | दिसाजन्य लेदो व्यवस्थापन ऐन, २०७९ | ५ | १ | ८ | ऐन | २०७९।१०।२६ |
| ३१ | स्थानीय वन ऐन, २०७९ | ५ | १ | ९ | ऐन | २०७९।१०।२६ |
| ३२ | बैठक संचालन सम्बन्धि कार्यविधि - २०७४ | १ | २ | १ | कार्यविधि | २०७५।०६।०९ |
| ३३ | कार्य सम्पादन नियमावली -२०७४ | १ | २ | २ | नियमावली | २०७५।०६।०९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३४ | कार्य विभाजन नियमावली - २०७४ | १ | २ | ३ | नियमावली | २०७५।०६।०९ |
| ३५ | नगर सभा संचालन कार्यविधि - २०७४ | १ | २ | ४ | कार्यविधि | २०७५।०६।०९ |
| ३६ | निर्णय तथा अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली - २०७४ | १ | २ | ५ | नियमावली | २०७५।०६।०९ |
| ३७ | "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधि, २०७५ | १ | २ | ६ | कार्यविधि | २०७५।०६।०९ |
| ३८ | स्थानीय राजपत्र प्रकाशन सम्बन्धि कार्यविधि, २०७५ | १ | २ | ७ | कार्यविधि | २०७५।०६।०९ |
| ३९ | शैक्षिक व्यवस्थापन कार्यविधि, २०७५ | १ | २ | ८ | कार्यविधि | २०७५।०६।०९ |
| ४० | मर्मत सम्भार कोष संचालन सम्बन्धि कार्यविधि, २०७५ | १ | २ | ९ | कार्यविधि | २०७५।०६।०९ |
| ४१ | उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७५ | १ | २ | १० | कार्यविधि | २०७५।०६।०९ |
| ४२ | टोल विकास संस्था संचालन सम्बन्धि कार्यविधि, २०७५ | १ | २ | ११ | कार्यविधि | २०७५।०६।०९ |
| ४३ | सार्वजनिक खरिद नियमावली, २०७५ | १ | २ | १२ | नियमावली | २०७५।०६।०९ |
| ४४ | विपद् व्यवस्थापन कोष संचालन कार्यविधि, २०७५ | १ | २ | १३ | कार्यविधि | २०७५।०६।०९ |
| ४५ | घर बहाल कर नियमावली, २०७५ | १ | २ | १४ | नियमावली | २०७५।०६।०९ |
| ४६ | करारमा नगर प्रहरी व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७५ | १ | २ | १५ | कार्यविधि | २०७५।०६।०९ |
| ४७ | बाल अधिकार संरक्षण तथा सम्बद्र्धन सम्बन्धि कार्य संचालन कार्यविधि, २०७५ | १ | २ | १६ | कार्यविधि | २०७५।०६।०९ |
| ४८ | सम्पत्ति कर व्यवस्थापन कार्यविधि, | १ | २ | १७ | कार्यविधि | २०७५।०६।०९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | २०७५ | | | | | |
| ४९ | क्यान्सर, मृगौला, मुटुरोग तथा स्पाइनल इन्ज्युरीका बिरामीहरुलाई उपचारका लागी यातायात खर्च प्रदान गर्ने सम्वन्धि निर्देशिका- २०७५ | १ | २ | १८ | निर्देशिका | २०७५।०८।१३ |
| ५० | एफ.एम. रेडियो (व्यवस्थापन तथा संचालन) कार्यविधि, २०७५ | १ | २ | १९ | कार्यविधि | २०७५।०८।१३ |
| ५१ | अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि-२०७५ | १ | २ | २० | कार्यविधि | २०७५।०९।०८ |
| ५२ | शैक्षिक व्यवस्थापन (दोस्रो संशोधन) कार्यविधि, २०७५ | १ | २ | २१ | कार्यविधि | २०७५।१२।०८ |
| ५३ | कृषक समूह गठन तथा व्यवस्थापन निर्देशिका, २०७६ | २ | २ | १ | निर्देशिका | २०७६।०३।२७ |
| ५४ | स्वास्थ्य सम्बन्धि आर्थिक सहायता कार्यविधि, २०७७ | ३ | २ | १ | कार्यविधि | २०७७।०७।१८ |
| ५५ | उर्लाबारी नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि, २०७७ | ३ | २ | २ | कार्यविधि | २०७७।०७।१८ |
| ५६ | उर्लाबारी नगरपालिका व्यवसाय कर सम्बन्धि कार्यविधि, २०७७ | ३ | २ | ३ | कार्यविधि | २०७७।०७।१८ |
| ५७ | उर्लाबारी नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ | ३ | २ | ४ | कार्यविधि | २०७७।०७।१८ |
| ५८ | घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७७ | ३ | २ | ५ | कार्यविधि | २०७७।१०।०४ |
| ५९ | मानव बेचबिखन तथा ओसारपोसार नियन्त्रण स्थानीय समिति (गठन तथा परिचालन) कार्यविधि, २०७७ | ३ | २ | ६ | कार्यविधि | २०७७।१०।०४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६० | लैङ्गिक हिंसा निवारण कोष नियमावली, २०७७ | ३ | २ | ७ | नियमावली | २०७७।१०।०४ |
| ६१ | उर्लाबारी नगरपालिकाको सडक बालबालिकाको व्यवस्थापन खर्च कार्यविधि, २०७७ | ३ | २ | ८ | कार्यविधि | २०७७।१०।०४ |
| ६२ | ज्येष्ठ नागरिक सेवा तथा मिलन केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७७ | ३ | २ | ९ | कार्यविधि | २०७७।१०।०४ |
| ६३ | ज्येष्ठ नागरिक संरक्षण तथा परिचय पत्र वितरण कार्यविधि, २०७७ | ३ | २ | १० | कार्यविधि | २०७७।१०।०४ |
| ६४ | महिला विकास कार्यक्रम सञ्चालन सम्बन्धि कार्यविधि, २०७७ | ३ | २ | ११ | कार्यविधि | २०७७।१०।०४ |
| ६५ | उर्लाबारी नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि (पहिलो संशोधन) कार्यविधि, २०७७ | ४ | २ | १ | कार्यविधि | २०७८।०१।१५ |
| ६६ | बारुणयन्त्र व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७७ | ४ | २ | २ | कार्यविधि | २०७८।०१।१५ |
| ६७ | उर्लाबारी नगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७७ | ४ | २ | ३ | निर्देशिका | २०७८।०१।१५ |
| ६८ | विषयगत समिति (कार्यसञ्चालन) कार्यविधि, २०७९ | ५ | २ | १ | कार्यविधि | २०७९।०३।०६ |
| ६९ | उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ | ५ | २ | २ | कार्यविधि | २०७९।०३।०६ |
| ७० | एम्बुलेन्स तथा शववाहन सेवा सञ्चालन निर्देशिका, २०७९ | ५ | २ | ३ | निर्देशिका | २०७९।०४।१० |
| ७१ | सहकारी संस्था दर्ता सम्बन्धी कार्यविधि, २०७९ | ५ | २ | ४ | कार्यविधि | २०७९।०४।१० |
| ७२ | सामाजिक समावेशीकरण नीति, २०७९ | ५ | २ | ५ | नीति | २०७९।०४।१० |
| ७३ | कोशेली घर (बिक्री केन्द्र) सञ्चालन | ५ | २ | ६ | कार्यविधि | २०७९।०४।१० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कार्यविधि, २०७९ | | | | | |
| ७४ | आपतकालिन कार्यसञ्चालन केन्द्र कार्यसञ्चालन विधि, २०७९ | ५ | २ | ७ | कार्यविधि | २०७९।०४।१० |
| ७५ | नगर खेलकुद सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ | ५ | २ | ८ | कार्यविधि | २०७९।०५।२० |
| ७६ | नगर शिक्षा नियमावली, २०७९ | ५ | २ | ९ | नियमावली | २०७९।०५।२० |
| ७७ | तीनपाङ्ग्रे (ई-रिक्सा) सम्बन्धी कार्यविधि, २०७९ | ५ | २ | १० | कार्यविधि | २०७९।०६।११ |
| ७८ | स्वास्थ्य संस्था सञ्चालन अनुमति तथा नवीकरण सम्बन्धी निर्देशिका, २०७९ | ५ | २ | ११ | निर्देशिका | २०७९।०६।११ |
| ७९ | खरिद नियमावली, २०७९ | ५ | २ | १२ | नियमावली | २०७९।०६।११ |
| ८० | नगर शिक्षा (पहिलो संशोधन) नियमावली, २०७९ | ५ | २ | १३ | नियमावली | २०७९।०७।२० |
| ८१ | भवन निर्माण मापदण्ड तथा नक्शापास कार्यविधि, २०७९ | ५ | २ | १४ | कार्यविधि | २०७९।०७।२३ |
| ८२ | बालबालिकाको आचारसंहिता, २०७९ | ५ | २ | १५ | आचारसंहिता | २०७९।१०।१० |
| ८३ | बालअधिकार संरक्षण तथा सम्बर्द्धन सम्बन्धी कार्यसञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७९ | ५ | २ | १६ | कार्यविधि | २०७९।१०।१० |
| ८४ | सार्वजनिक जवाफदेहिता प्रवर्द्धन कार्यविधि, २०७९ | ५ | २ | १७ | कार्यविधि | २०७९।१०।१० |
| ८५ | जग्गा विकास (प्लानिङ्ग) तथा हाउसिङ्ग निर्माण सम्बन्धी निर्देशिका, २०७९ | ५ | २ | १८ | निर्देशिका | २०७९।११।०३ |
| ८६ | कृषि तथा पशु सेवा कार्यक्रम सञ्चालन तथा वितरण कार्यविधि, २०७९ | ५ | २ | १९ | कार्यविधि | २०७९।११।०३ |
| ८७ | छात्रवृत्ति वितरण कार्यविधि, २०७९ | ५ | २ | २० | कार्यविधि | २०७९।११।०३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८८ | विपन्न नागरिक स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ | ५ | २ | २१ | कार्यविधि | २०७९।११।०३ |
| ८९ | कार्यसञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०७९ | ५ | २ | २२ | निर्देशिका | २०७९।११।२८ |
| ९० | स्वास्थ्य सम्बन्धि उपचार सहायता कार्यविधि, २०७९ | ५ | २ | २३ | कार्यविधि | २०७९।१२।१४ |
| ९१ | जग्गा विकास (प्लानिङ्ग) तथा हाउसिङ्ग निर्माण सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७९ | ५ | २ | २४ | निर्देशिका | २०७९।१२।१४ |

# (क) सुशासन तथा संस्थागत विकास

### १. पृष्ठभूमिः

विकासका विभिन्न क्षेत्रहरु मध्येमा एक अत्यन्त र महत्वपूर्ण क्षेत्रको रुपमा रहेको सुशासन र संस्थागत विकास क्षेत्रले नगरको समग्र विकासमा महत्वपूर्ण योगदान बोकेको हुन्छ । यस विकास क्षेत्र अन्तरगत सङ्गठन तथा मानव संशाधन, संस्थागत क्षमता विकास, राजस्व परिचालन वित्तिय व्यवस्थापन सेवा प्रवाह लेखापरिक्षण सूचना प्रविधिको प्रयोग दिगो विकासको लक्ष्य अन्तरगतको लक्ष्य १६ शान्ति न्यायपुर्ण समाज र बलिया संस्था र लक्ष्य १७ बहुसरोकार र साझेदारी समेत यस विकासक्षेत्र अन्तरगत पर्ने भएकाले कुनै पनि संस्थामा यस विकासक्षेत्र सबल हुनु नै संस्था वा पालिका सबल हुनु हो ।

### २. सक्षिप्त स्थिति (हामी कहा छौ ?)

यस उर्लाबारी नगरपालिकामा सुशासन तथा संस्थागत विकास क्षेत्रमा विगतदेखि हालसम्म गरेका उपलब्धी र हालको अवस्थालाई विभिन्न उपक्षेत्रमा विभाजन गरि तल संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ ।

**कानुन निर्माण तर्फ**

| | |
|---|---:|
| आचारसंहिता | २ |
| ऐन | ३० |
| कार्यविधि | ४० |
| नियमावली | ९ |
| निर्देशिका | ६ |
| नीति | १ |
| **कुल जम्मा** | **८८** |

**जनशक्ती व्यवस्थापन तर्फ**

नगरपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण र सोको अद्यावधिक गरि कुल संगठनको दरबन्दी १८२ कायम गरेको अवस्था छ । तथापी पदपूर्तिको अवस्था भने स्थायी र करारका कर्मचारी गरि जम्मा १४५ दरबन्दी पदपूर्ति भइ कार्यरत रहेको अवस्था छ ।

**संगठनको भौतिक अवस्था**

नगरपालिका र वडाबाट प्रवाह गरिने सेवा सुविधा सम्पुर्ण वडाबाट प्रवाह गर्दै आइएको साथै वडा नं १ २ र ३ बाट आफ्नै वडा कार्यलय भवनबाट सेवा प्रवाह सुरु गरिएको र अरु वडा कार्यलय भवन

निर्माणाधिन अवस्थामा रहेको नगरपालिकाबाट नौ वटा वडामा आधारभुत स्वास्थ्य केन्द्र स्थापना गरि कतिपय वडामा केन्द्रको भवन समेत निर्माण गरि सेवाको सुरुवात समेत गरिएको

## न्यायमा नागरिकको पहुँच

कानुनी व्यवस्था अनुसार न्यायीक समितिको स्थापना भई इजलाश सहितको न्याय सम्पादनको मेलमिलापको कार्य भैरहेको अवस्था छ । न्यायीक समितिबाट चालु आवको पहिलो चौमासिकको अवधीमा भएको न्यायिक सम्पादनको संक्षिप्त विवरण देहायबमोजिमको रहेको छ ।

| विवरण | दर्ता भएको विवादको संख्या | समाधान भएको विवादको प्रकृति | समाधान प्रकृयामा रहेको विवादको प्रकृति |
|---|---|---|---|
| पारिवारीक विवाद | २ | १ | १ |
| जग्गा खिचोला सम्बन्धी | ७ | २ | ५ |
| लेनदेन सम्बन्धी | १५ | १ | १४ |
| गाली बेइज्जती | ३ | २ | १ |
| अन्य | ८ | | ८ |
| जम्मा | ३५ | ६ | २९ |

## सार्वजनिक जवाफदेयिता

सार्वजनिक निकायले अवलम्बन गर्नुपर्ने सार्वजनिक जवाफदेयिताका औजारहरुलाइ नगरपालिकाले अवलम्बन गर्दै चालु आबमा पहिलो चौमासिकको सार्वजनिक सुनुवाइ र दोश्रो चौमासिकको सार्वजनिक सुनुवाइ सम्पन्न गरिसकेको अवस्था छ । अन्य लैसासस परिक्षण बालबालिका आचारसंहिता निर्माण लगायतका गतिविधी पनि गरेको अवस्था छ ।

## आन्तरिक लेखा परिक्षण र आन्तरिक नियन्त्रण प्रणाली

चौमासिकमा रुपमा हुने गरि नगरपालिकाको आन्तरिक लेखा परिक्षण शाखामार्फत आन्तरिक लेखा परिक्षणको कार्य हूँदै आएको छ भने आएका बेरुजुहरुलाइ बेलैमा संबोधन गरि बेरुजुको भार घटाउने यत्न हुँदै आएको छ । यसैगरी नगरपालिका आन्तरिक नियन्त्रण प्रणाली २०७८ कार्यन्यवयनको क्रममा रहेको छ जस अन्तरगत आन्तरिक नियन्त्रण प्रणालीको योजना तय गर्ने तथा सोको नियमित अनुगमन समिक्षा हुने व्यवस्था समेत कार्यन्वयनको क्रममा रहेको छ ।

## ३. सबल पक्षहरुः

- नगरपालिकाको संगठन सर्वेक्षण तथा व्यवस्थापन प्रतिवेदन बनेर कार्यन्वयनको भएको
- बार्षिक रुपमा तय गरिने नीति तथा कार्यक्रम मौजुदा अवस्थामा क्रियाशिल रहेको
- आबश्यक स्थानीय कानुनहरु तर्जुमा भइ कार्यन्वयनको अवस्थामा रहेको
- आवधिक योजना तयार भएको
- भुउपयोग नीति तयार कार्यन्वयनको क्रममा रहेको
- पुर्व पश्चिम लोकमार्गले छोएको तथा उत्तरी भेगमा मदन भन्डारी राजमार्गले समेत छोएको
- विभिन्न विषयगत समितिहरु क्रियाशिल अवस्थामा रहेको र नीतिगत निर्णयमा कुनै समस्या नभएको
- नगरपालिकाको वेबसाईट नियमितरुपमा अध्यावधिक गरिदै आएको ।

## ४. सुधार गर्नुपर्ने पक्षहरुः

- डिजिटल बोर्ड तथा नागरिक बडापत्रको स्थापना गरिनुपर्ने
- मेलमिलाप केन्द्र संचालन सम्बन्धी कानुन निर्माण गरिनुपर्ने
- योजना तथा आयोजनाको सार्वजनिक परिक्षण तथा सार्वजनिकीकरण गरिनुपर्ने
- कर्मचारी तथा जनप्रतिनिधीको क्षमता विकास योजना तयार गरिनुपर्ने
- लेखा तथा अर्थ समितिको भूमिकालाइ प्रभावकारी बनाइनुपर्ने
- जनप्रतिनिधी तथा कर्मचारीको कार्यसम्पादन करार संझौता तयार गरि कार्यन्वयन गरिनुपर्ने

## ५. अवसर र चुनौतिहरुः

- प्रशस्त प्राकृतिक स्रोत उपयोग तथा परिचालन गर्न सकिने
- सेवाग्राहीलाइ प्रदान गरिने सेवा तथा सुविधामा विद्युतिय प्रणाली अबलम्बन गर्नु पर्ने
- सुचना तथा जानकारीहरु नियमित रुपमा स्वत प्रकाशन हुने

## ६. लक्ष्य

- उर्लाबारी नगरपालिकालाइ प्रविधीमैत्री नगरपालिका बनाउँदै नागरिकलाई प्रवाह गरिने सेवा पारदर्शी सेवामैत्री  बनाइ दिगो तथा सुशासन पुर्ण विकासको परिकल्पनालाइ साकार पार्दै सन्निकटताको सरकारको अनुभुती दिलाउने

## ७. उदेश्य

- सुचना प्रविधी मैत्री प्रशासन प्रणालीको विकास गरि छिटोछरिता तथा चुस्त दुरुस्त सेवा प्रवाह गर्ने
- सेवाको उपभोगमा सेवाग्राहीको सन्तुष्टिको प्रत्याभूत गराउने
- नगरलाई हिंसामुक्त पालिकाको रुपमा स्थापना गरि समभाव झल्किने न्यायीक प्रणालीको विकास गरिने
- भ्रष्टाचारप्रति शुन्य सहनशिलताको नीति अबलम्बन गरि भ्रष्टाचारमुक्त नगर बनाउने
- दिगो विकासको लक्ष्यलाइ स्थानीयकरण गरि बार्षिक बजेट तथा कार्यक्रममा तादाम्यता मिलाउने

## ८. क्रियाकलापहरु

- नगरपालिका र अन्तरगतका कार्यलयहरुमा डिजिटल नागरिक वडापत्र र सुचनापाटीको व्यवस्था गर्ने
- नगरपालिकाको डिजिटल पार्श्वचित्रको निर्माण गरि समायानुकुल अद्यावधिक गर्दै लाने
- Right Men in Right place with Self esteem भन्ने मान्यतालाइ आत्मसात गर्दै कर्मचारीको पदस्थापना तथा कार्यविवरण दिने
- कार्यसम्पादनमा आधारित दन्ड र पुरस्कार प्रणालीको विकास गर्दै सेवा प्रवाहमा गुणस्तरियता कायम गर्ने
- सार्वजनिक जवाफदेयितका औजारहरु सार्वजनिक सुनुवाईलाइ नियमित संचालन गरिने र जनतासँग जनप्रतिनिधी कार्यक्रमलाइ नियमित र थप पहुँचमा पुर्याउने
- मेलमिलाप केन्द्र संचालनको कानुन निर्माण गरि न्यायिक समिति अन्तरगतका कार्यलाइ थप व्यवस्थित गर्दै लैजाने
- न्यायीक समितिको कामकारबाहीलाइ अनलाइन पोर्टलको विकास गरि छलफल पेशीको समय अनलाइनबाट लिने व्यवस्थाको विकास गरिने
- कार्यलयबाट प्रवाह हुने सेवा तथा आयोजनाहरुको संचालन तथा अनुगमनलाइ चेकलिस्टको आधारमा व्यवस्थित बनाइ हरेक आयोजनाबाट प्राप्त सिकाइलाइ ज्ञान व्यवस्थापनको रुपमा अगाडी बढाइने

- लैंगिक उत्तरदायी तथा दिगो विकासको स्थानियकरणलाइ जोडबल पुग्ने योजनाको प्राथमिकीकरण तथा  छनौट बस्तिस्तरबाट गरिने
- बार्षिक बजेट निर्माण तथा प्रकाशनमा दिगो विकासको लक्ष्य लैंगिक उत्तरदायी बजेट आवधिक योजनाको रणनीतिक स्तम्भ रणनीतिक योजनालाइ कोडिङ गरि सोसँग सम्बन्ध स्थापित गरि अभिलेखिकरण गरिने
- चौमासिक समिक्षा बार्षिक समिक्षाका कार्यक्रम संचालन गरिने
- बेरुजुको चाङलाइ ज्यामितिय प्रतिशतमा घटाउनका लागि नीतिगत तथा कार्यन्वयनगत रुपमा परिपालना गर्ने गराउने ।
- नगरको मुख्य समस्याहरुलाइ आमरुपमा अभियानको रुपमा छलफल गर्ने कार्यको थालनी गर्ने गराउने ।

## ९. उपलब्धीमूलक सुचक

| क्रस | उपक्षेत्र | उपलब्धी मापनका सुचकहरु |
|---|---|---|
| १ | कर्मचारी प्रशासन | • कार्यसम्पादन संझौता<br>• सेवाप्रवाहको मापदन्ड<br>• दन्ड र पुरस्कार<br>• क्षमता विकास योजना |
| २ | सार्वजनिक जवाफदेयिता | • सार्वजनिक सुनुवाइ<br>• सार्वजनिक परिक्षण<br>• जनतासँग जनप्रतिनीधी कार्यक्रम<br>• नागरिक वडापत्र तथा डिजिटल बोर्ड |
| ३ | आन्तरिक नियन्त्रण प्रणाली | • आलेप प्रतिवेदन<br>• मलेप प्रतिवेदन<br>• आन्तरिक नियन्त्रण अनुगमन प्रतिवदेन<br>• बेरुजुको मात्रा |
| ४ | न्यायीक सम्पादन | • इजलाश र यसको कार्यतालिका<br>• उजुरी फछ्र्यौट तालिका<br>• अनलाइन पोर्टल विकास |

| | | |
|---|---|---|
| | | • मेलमिलाप केन्द्र संचालन सम्बन्धी कानुनी व्यवस्था |
| ५ | सेवाप्रवाह | • गुनासो पेटिका<br>• नागरिक सन्तुष्टी सर्वेक्षण फाराम<br>• सार्वजनिक सुनुवाइ<br>• जनतासँग जनप्रतिनीधी |

## १०. सुशासन तथा संस्थागत विकास तर्फ, रणनीतिहरु

- नगरपालिकाको सेवा प्रवाह तथा समग्र नगरको विकासमा सहायक सिद्ध हुने गरि नागरिकलाइ नगरसम्बद्ध सुचना तथा जानकारीबारे ज्ञात बनाउने उदेश्यका साथ नगरपालिका परिसरमा सुविधासम्पन्न डिजिटल बोर्ड तथा नागरिक बडापत्रको स्थापना गरिने
- नगरपालिकाभित्र हुने व्यक्तिगत पारिवारीक तथा सामाजिक वैमनस्यता हटाइ शान्त प्रकृतिको समाजलाइ निरन्तरताको लागि वडा स्तरमा रहेका मेलमिलाप केन्द्रको क्षमता विकास गर्दै संस्थागत सुदृढिकरणका लागि कार्यक्रम संचालन गरिने । यसका लागि आबश्यक कानुनहरुको तर्जुमा तथा कार्यन्वयन गरिने योजना तथा आयोजनाको सार्वजनिक परिक्षण तथा सार्वजनिकीकरण गरिनुपर्ने
- नगरपालिकालाइ समुन्नत तथा नमुना बनाउनको लागि कर्मचारी तथा जनप्रतिनिधीको क्षमता विकासको लागि पन्चबर्षिय योजना स्थानीय आबश्यकता तथा वस्तुगत बिश्लेषणमा आधारित रहेर तयार गरिनुपर्ने
- बर्षेनी थपिइरहेको बेरुजुको चाङलाइ न्युनिकरण गर्दै नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणालीलाइ सिदान्तत संचालन गर्नको लागि मौजुदा लेखा तथा अर्थ समितिको भूमिकालाइ प्रभावकारी बनाइनुपर्ने यसका लागि नियमित रुपमा समितिको बैठक संचालन तथा सुझाबहरु उपर संबोधन हुने वातावरणको तयारी गरिने
- जनप्रतिनिधीको आचारसंहिता तथा कर्मचारीको कार्यविवरण तयार पार्दै बार्षिक रुपमा कार्यसम्पादन करार संझौता तयार गरि कार्यन्वयन गरिनुपर्ने र सोको आधारमा दन्ड तथा पुरस्कारको व्यवस्थापन गरिने ।
- उर्लाबारीको भुगोलमा उपलब्ध प्राकृतिक स्रोत उपयोग तथा परिचालनमार्फत स्थानीय आर्थिक विकासमा टेवा पुर्याउनको लागि श्रोतको पहिचान परिचालन तथा लाभ लागतको बाँडफाँडका लागि विभिन्न निकायहरुको सहकार्यमा कार्यक्रम संचालन गरिने
- बदलिँदो सुचना प्रविधिको विकासलाइ पहुँचगम्य बनाइ सेवाग्राहीलाइ प्रदान गरिने सेवा तथा सुविधामा विद्युतिय प्रणाली अबलम्बन गरिने जसका लागि आबश्यक हार्डवेयर तथा सफ्टवेयरको प्रयोग गरिने

- नगरको समग्र गतिविधीलाइ पारदर्शी तथा सहभागितामुलक बनाउनको लागि सेवाग्राही तथा सरोकारवालाहरुलाइ सुचना तथा जानकारीहरु नियमित रुपमा स्वत प्रकाशन हुने व्यवस्था मिलाइने

## अनुगमन र मूल्यांकनः

उर्लाबारी नगरपालिकाको आयोजनाको कार्यान्वयनबाट लक्षित उद्देश्य प्राप्त भयो भएन र आयोजनाको कार्यान्वयनबाट आयोजनाबाट फाइदा पाउने अपेक्षित जनताले उपर्युक्त रूपमा फाइदा पायो वा पाएन भनेर गरिने अध्ययन विश्लेषण गरिने प्रचलन समेत कायम छ । सामान्यतया योजनाको मूल्याङ्कन तीन उर्लाबारी नगरपालिकामा तिन तरिकाले हुने अभ्यास रहि आएको छ ।

- ठुला खाले आयोजनाको कार्यान्वयन चरणमा गरिने आयोजनाको लेखाजोखा ।
- आयोजनाको कार्यान्वयन समाप्ति पछि आयोजनाको लक्ष्य, उद्देश्य अनुरूप काम भए, नभएको लेखाजोखा गरिने आयोजनाको मूल्याङ्कन ।
- आयोजना समाप्त पछि त्यसको संचालनको ६-७ वर्ष पछि गरिने प्रभाव मूल्याङ्कन ।

कार्यान्वयन गरिएका योजना, नीति, कार्यक्रम तथा आयोजनाहरू के कति सान्दर्भिक, लाभदायी र प्रभावकारी छन् तथा के कस्ता उपलब्धि एवम् प्रभावहरू हाँसिल भएका छन् भन्ने कुराको आन्तरिक वा बाह्य मूल्याङ्कनकर्ताबाट उद्देश्यपूर्ण र व्यवस्थित तरिकाले लेखाजोखा गर्ने कार्यका लागि नगरपालिकाका आन्तरिक तथा बाह्य पक्षबाट समेत हुने गरेको पाइन्छ । योजनाका उपलब्धि र प्रभाव तहका सूचकमा के कति परिमाणमा परिवर्तन आयो भन्ने जानकारी मूल्याङ्कनबाट हुन्छ । स्थानीय तहले आवश्यकता र आयोजना वा कार्यक्रमको प्रकृति अनुसार उल्लिखित दुवै तहमा तेस्रो पक्षबाट पनि मूल्याङ्कन गर्नु / गराउनुपर्ने हुन्छ ।

उर्लाबारी सञ्चालित योजनाको लागत, परिमाण, समय सीमा र गुणस्तरीयताको आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनको लागि निम्न अनुसारको अनुगमन तथा सुपरिवेक्षण समिती गठन गर्नुपर्ने गरिएको छ ।

(क) श्री मिनाकुमारी खतिवडा, उपप्रमुख - संयोजक

(ख) श्री कृष्णबहादुर बर्देवा, का.पा सदस्य - सदस्य

(ग) श्री कृष्णमाया कडरीया, का.पा सदस्य - सदस्य

(घ) श्री अग्नि प्रसाद अधिकारी, प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ङ) श्री मुरारी प्रसाद घिमिरे, प्रशासन, योजना तथा अनुगमन शाखा - सदस्य सचिव

उक्त समितिमा आवश्यकता अनुसार कार्यपालिकाका अन्य सदस्य तथा विषय विज्ञलाई आमन्त्रण गर्न सकिने व्यवस्था समेत रहेको पाउन सकिन्छ । ।

अनुगमन तथा सुपरिवेक्षण विधि

क) कार्यपालिकामा एकीकृत कार्यान्वयन कार्ययोजना पेश गरेको १५ दिनभित्र अनुगमन तथा सुपरिवेक्षण समितिले वार्षिक अनुगमन कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने हुन्छ ।

ख) (ख) अनुगमन तथा सुपरिवेक्षण समितिले गरेको कामको प्रतिवेदन प्रत्येक २ महिनामा पेश गरी कार्यपालिकाको बैठकमा छलफल गर्नुपर्ने हुन्छ ।

ग) आफ्नो वडाभित्र सञ्चालित योजनाको लागत, परिमाण, समय सीमा र गुणस्तरीयताका आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनको लागि निम्नअनुसारको वडास्तरीय अनुगमन समिति गठन गर्नुपर्ने हुन्छ ।

(१) सम्बन्धित वडाको वडाध्यक्ष - संयोजक

(२) वडा सदस्यहरु - सदस्य

(३) वडा सचिव - सदस्य सचिव

उक्त समितिमा आवश्यकता अनुसार अन्य कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ । समितिले अनुगमन गर्दा देखिएका विषयका सम्बन्धमा अनुगमन तथा सुपरिवेक्षण समितिलाई नियमित रूपमा जानकारी गराउनु पर्ने हुन्छ ।

नगरपालिकाले १० करोड र उपमहानगरपालिका र महानगरपालिकाले २५ करोडभन्दा बढी लागतका आयोजनाको योजना सम्पन्न भएको २ वर्षभित्र तेस्रो पक्षबाट प्रभाव मूल्याङ्कन गराउनु पर्ने व्यवस्था रहेको छ ।

नगरपालिकाबाट भए गरेका कार्यहरुको अनुगमन तथा मुल्याकंनको प्रतिवेदनलाइ यसप्रकार व्यक्त गर्न सकिन्छ ।

| अनुगमनको किसिम | कसले गर्ने | प्रतिवेदन गर्ने निकाय | समय |
|---|---|---|---|
| • आयोजना तथा कार्यक्रमको नियमित अनुगमन | सम्बन्धित प्राविधिक /कर्मचारी / परामर्शदाता | नगरपालिका | नियमित |
| • आयोजना तथा कार्यक्रमको | अनुगमन समिति वा उपप्रमुखको संयोजकत्वमा | सम्बन्धित कार्यपालिका | मासिक चौमासिक र बार्षिक |

| | | | |
|---|---|---|---|
| नियमित अनुगमन<br><br>• गैरसरकारी संघसंस्था उपभोक्ता समिती सहकारी सामाजिक तथा सामुदायिक संघसंस्थाका संयुक्त अनुगमन<br><br>• उर्लाबारी नगरपालिकाको विकास निर्माण कार्यको अनुगमन | गठित समिति | | |

उर्लाबारी नगरपालिकाको आन्तरिक लेखा परिक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली

उर्लाबारी नगरपालिकाको कार्यप्रणालीमा सुधार र वित्तीय सुशासन कायम गर्ने अस्त्र आन्तरिक नियन्त्रण र आन्तरिक लेखा परिक्षण रहि आइएको छ । पालिकामा दुवैको एउटै मन्त्र पारदर्शिता कायम गरी सुशासन अभिवृद्धि गर्नु नै हो । नगरपालिकाले आफ्नो आन्तरिक नियन्त्रणको लागि कानुन र संयन्त्र बनाउनु पर्ने र लेखापरीक्षण गराउनु पर्ने व्यवस्था भए अनुरुपमा आन्तरिक संघीय आन्तरिक लेखा परिक्षण निर्देशिका तथा उर्लाबारी नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणालीलाइ कार्यन्वयनमा ल्याएको छ । जसले वित्तीय कारोबारलाई खुलस्त (Disclosers) बनाइ उपलब्ध स्रोतको मितव्ययी, प्रभावकारी र कार्यदक्षता पूर्वक उपयोगमा जोड दिन्छ । सार्वजनिक निकायको सेवा प्रवाह (लागत, लाभ, समय र गुणस्तर), वित्तीय कारोबार (आर्थिक विवरण) को विश्वसनीयता र यथार्थता र स्रोत साधनको महत्तम प्रयोगको अवस्था मूल्याङ्कन गर्न आन्तरिक नियन्त्रण र लेखापरीक्षणको पनि आधार लिइन्छ ।

कानुनद्वारा निर्धारित प्रक्रिया पालना भए-नभएको भनी खर्च तथा योजनमा सहभागी नभएको शाखा/कर्मचारीबाट नगरपालिकाको निरन्तर रूपमा गरिने सुपरीवेक्षण अनुगमन भैरहेको अवस्था छ ।उर्लाबारी नगरकार्यपालिकाको कार्य सम्पादनलाई थप कुशल र प्रभावकारी बनाउन कार्यरत जनशक्तिको सहभागितामा तयार पारिएको पद्दति एकातिर वित्तिय जोखिम न्युनिकरणका लागि योगदान दिन्छ भने अर्कातिर भुक्तानी दिने कार्यन्वयन गर्ने बिच सन्तुलन र नियन्त्रणको भुमिका समेत खेल्दछ ।नगरले तय गरेका उद्देश्य प्राप्तिका लागि रहन सक्ने जोखिमको पहिचान गरी जोखिम व्यवस्थापन हुने गरी नियन्त्रणको वातावरण तयार गर्दै निरोधात्मक वा उपचारात्मक उपाय अवलम्बन गर्न आन्तरिक नियन्त्रण प्रणालीको उपयोग हुने

गरेको छ । प्रचलित कानुनले निर्धारण गरेको प्रक्रिया नगरकार्यपालिका तथा नगर मातहतका निकाय तथा कर्मचारीहरूले परिपालना गर्ने र सोको परिपालना भयो वा भएन भनी आन्तरिक नियन्त्रण अनुगमन समिति वा माथिल्लो पदाधिकारी वा अधिकार प्राप्त अधिकारीबाट निरन्तररुपमा गरिने निरीक्षण सुपरिवेक्षण तथा अनुगमन आन्तरिक भएकाले नगरपालिकामा यो निरन्तर चल्ने र स्वचालित हुने गरेको अवस्था छ । निकायको कार्यमा मितव्ययिता कार्यदक्षता प्रभावकारिता विश्वसनीयता वृदी गरी अपेक्षित नतिजा हासिल गर्न आन्तरिक नियन्त्रण प्रणाली झनै स्वतस्फुर्त बनाउन आवश्यक रहको पाउन सकिन्छ । नगरपालिकाको कार्यमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र विश्वसनीयता कायम गर्न आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद १० (दफा ७८) मा कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नु पर्ने व्यवस्था भएबमोजिम उर्लाबारी नगरपालिका आ.ब. २०७८ /०७९ मा आन्तरिक नियन्त्रण प्रणालीलाइ कार्यन्वयनमा ल्याएको छ ।

उर्लाबारी नगरपालिकाको वित्तिय विश्लेषण

| शिर्षक | आव २०७८/०७९ | आ.ब.२०७९/०८० | अगिल्लो आबको तुलनामा पछिल्लो आवमा परिवर्तन |
|---|---|---|---|
| संघबाट प्राप्त हुने अनुदान | | | |
| समानिकरण अनुदान | १७११००००० | १५७५००००० | 92.05143191 |
| शसर्त अनुदान चालु | २१००८२५४९.१३ | २३७५९५००० | 113.0960192 |
| शसर्त अनुदान पुँजीगत | ५१७९६९२२ | १८२७६६००० | 352.8510825 |
| विषेश अनुदान चालु | ५२४४००४ | ० | 0 |
| विषेष अनुदान पुँजीगत | ० | ४५००००० | NA |
| समपुरक अनुदान पुँजीगत | १००००००० | १०७००००० | 107 |
| प्रदेशबाट प्राप्त हुने अनुदान | | | |
| समानिकरण अनुदान | १००७५००० | ८८१५६२५ | ८८ |

| | | | |
|---|---|---|---|
| शसर्त अनुदान चालु | ४३०८८९७. | ६८०४८००. | १५८ |
| समपुरक अनुदान चालु | ० | ० | NA |
| समपुरक अनुदान पुँजीगत | १००००००००. | ३३०००००. | ३३ |
| अन्य अनुदान चालु | ४८८३८२५. | ०. | ० |
| राजश्व बाँडफाँड | | | |
| घरजग्गा रजिष्ट्रेशन दस्तुर | ४७७४७८०७. | १६६१९७६५. | ३५ |
| बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ७७०३८६११.९८ | ४६०९०४४८.०६ | ६० |
| बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | २४९५०४२२.१६ | 0 | ० |
| बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ८२४५६१४.१३ | ७८२३०८६.८८ | ९५ |
| बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | ० | ० | NA |
| बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | ० | ३४२१८७.५६ | NA |
| बाँडफाँड भई प्राप्त वन रोयल्टी | ११७५३१३.१४ | 0 | ० |
| बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | ३४३०८३०४.०१ | ६९८५२८३.९९ | २० |
| आन्तरिक आय | | | |
| एकीकृत सम्पती कर | ४००८१७६.७५ | ४७०७११०.८२ | ११७ |
| भुमिकर/मालपोत | ६३४२६५१.०२ | ४३६९४२९.५२ | ६९ |
| घरवहाल कर | ३३२८८०५.२६ | ३५८६२१७.०६ | १०८ |
| वहाल विटौरी कर | २२२६७८४.५४ | २१६६६३१. | ९७ |
| सवारी साधन कर (साना सवारी) | ३१,२००.०० | ४१,६९९.०० | १३४ |

| | | | |
|---|---|---|---|
| पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | २४७७९६५. | १४८००००. | ६० |
| अन्य मनोरञ्जन कर | २,६००.०० | ० | ० |
| अन्य कर | ५,८५०.०० | ४,०१०.०० | ६९ |
| अन्य संस्थागत आन्तरिक अनुदान | ७१८०६६२. | ११३१७४७. | १६ |
| सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ० | ३५,०००.०० | NA |
| अन्य बिक्रीबाट प्राप्त रकम | १८,७५०.०० | ० | ० |
| विद्युत सेवा शुल्क | ५,०६०.०० | ३,२४०.०० | ६४ |
| अन्य सेवा शुल्क तथा बिक्री | १,८१०.०० | ४२३५६५. | २३४०१ |
| न्यायिक दस्तूर | १५,९००.०० | ६५,८२०.०० | ४१४ |
| परीक्षा शुल्क | १६५०००. | ६८११५१.१ | ४१३ |
| अन्य प्रशासनिक सेवा शुल्क | ९९३६०४.४९ | ४१८८०७७.७३ | ४२२ |
| नक्सापास दस्तुर | ४५०६३१९.२५ | ९९००८३७.५ | २२० |
| सिफारिश दस्तुर | ८४९८१६९. | १०३२८९२. | १२ |
| व्यक्तिगत घटना दर्ता दस्तुर | ८५०४५५. | ३२५४००. | ३८ |
| नाता प्रमाणित दस्तुर | ३६०३२९.१२ | ७०७९१९३.९६ | १९६५ |
| अन्य दस्तुर | ५५२३२०८.३२ | ५८१३२६.५ | ११ |
| व्यावसाय रजिष्ट्रेशन दस्तुर | २१०३१३५.६ | ३९४४२०२. | १८८ |
| अन्य क्षेत्रको आय | 0 | २४११०१.३४ | NA |
| न्यायिक दण्ड, जरिवाना र जफत | ५५,४००.०० | ० | ० |

| | | | |
|---|---|---|---|
| प्रशासनिक दण्ड, जरिवाना र जफत | १२१८४७.०९ | ० | ० |
| प्रदुषण नियन्त्रण शुल्क | ० | २१३८०१.५ | NA |
| अन्य राजस्व | १,६४०.२१ | १४,५००.०० | ८८४ |
| व्यवसाय कर | ४९०४९६५. | ५७१२६४५.०७ | ११६ |
| बेरूजू | ३२१९८४.४६ | ० | ० |
| बैंक मौज्दात | १८७७१६८६४.१८ | २२८६६१७९७.८२ | १२२ |
| जनसहभागिता | ६९५२१६६.८ | ७३८८३००.२५ | १०६ |

# रणनीतिक योजनाः

## (ख) आर्थिक विकास

### १. पृष्ठभूमिः

प्रतिव्यक्ति आम्दानीका साथै जनताको जीवनस्तरमा भएको वृद्धि, उत्पादनको संरचना तथा साधनहरूको वितरणमा संरचनागत परिवर्तन, बचत र पुँजी निर्माणको दरमा भएको वृद्धि देशमा उपलब्ध स्रोतसाधनहरूको समुचित विकास र प्रयोग, विज्ञान र प्रविधिमा हुने विकासजस्ता महत्वपूर्ण विषय पनि आर्थिक विकासको मापदण्ड र सूचकहरू हुन् । दीगो वन व्यवस्थापन तथा सन्तुलित वातावरणबाट आर्थिक समृद्धि र नगरका नागरिकलाइ सुखको अनुभूति सिर्जना गर्न सहयोग पुग्नेछ । आर्थिक समुन्नती हासिल गर्नको लागी दीगो रोजगारमुलक र उच्च प्रतिफलयुक्त औधोगिक विकास गर्नुपर्ने हुन्छ । नगरपालिकाले उत्प्रेरक सहजकर्ता र नियामकको रुपमा र स्थानीय उर्लाबारी नगरपालिकाको बाणीज्य संघले नेतृत्वदायी भूमिका कायम गर्नुपर्दछ । जस्का लागि उत्पादन र उत्पादकत्वमा उल्लेख्य वृद्धि व्यापार पुर्वाधारको सघन रुपमा निर्माण र विकास , तुलनात्मक र प्रतिस्पर्धी लाभ भएका वस्तु तथा सेवाको पहिचान विकास र विविधिकरण स्थानीय सीप र पुँजिका साथै उन्नत प्रविधीको प्रयोग नगरपालिकाको आर्थिक विकासको लागि महत्वपुर्ण हुन्छ ।

### २. सक्षिप्त स्थिति (हामी कहा छौ ?)

यस उर्लाबारी नगरपालिकामा आर्थिक विकास क्षेत्रमा विगतदेखि हालसम्म गरेका उपलब्धी र हालको अवस्थालाई विभिन्न उपक्षेत्रमा विभाजन गरि तल संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ ।

**कृषि तर्फ तर्फ**

| क स. | बिवरण | संख्या |
|---|---|---|
| १ | पकेट विकास कार्यक्रम समुह | ४ वटा |
| २ | जम्मा कृषक समुह | १९७ वटा |
| ३ | कृषि फर्म | ७७ वटा |
| ४ | ब्यवसायिक कृषक | १४७ जना |
| ५ | हालसम्म वितरण गरिएका औजारउपकरणहरु/ | |

| | | |
|---|---|---|
| | पावर टिलर | ३७ थान |
| | मिनि टिलर | २५ थान |
| | रिपर | १२ थान |
| | मकै छोडाउने | १२१ वटा |
| | मकै गोड्ने | २०० वटा |
| | मकै रोप्ने | २५९ वटा |
| | धान रोप्ने | १ |
| | स्प्रेयर | ३८६ |
| | मोटर बोरिङ | ८८८ वटा |
| | गटर स्प्रेयर | ५ वटा |
| | च्याप कटर | १ वटा |
| | प्लास्टिक टनेल | २०१ वटा |
| | मौरिको घार | ४२५ घार |
| | मह प्रशोधन मेशिन | १ वटा |
| | च्याउखेतीको लागि हाइटेक टनेल | १ |
| | च्याउखेतीको लागि पराल बफाउने भाडा | ६ वटा |

**पशुपन्छी विकास तर्फ**

| क्र स | वार्ड नं | पशुपालन सँग सम्बन्धीत सामाग्री वितरण तथा क्रियाकलापहरु | संचालन गरिएका कार्यक्रमहरु | कार्यक्रमबाट लाभान्वित कृषकप्रभावित पशु र / तिनको संख्या | उत्पादन परिमाण |
|---|---|---|---|---|---|
| | १९- | परजिवि बिरुद्ध औषधि बितरणप्राथमिक उपचार / | आन्तरिकबाह्य / परजिबि नियन्त्रण | ३५००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | प्रयोगशाला सेवा/सेवा | कार्यक्रम | | |
| | १९- | रोगनिरोधक खोप सेवा | खोरेतएच एस बि / पि पि/क्यू आरस्वाइन / रानिखेत बिरुद्ध /फिबर खोप कार्यक्रम | २५००० पशुपन्क्षि | |
| | १९- | पशु नश्ल सुधार कार्यक्रम | कृत्रिम गर्भाधान कार्यक्रम | गाईभैसि | |
| | १९- | गोठ सुधार | गाईभैसि लेयर्स /बंगुर/बाख्रा/ कुखुरा | ४५ फर्महरुमा | |
| | १९- | कुटि काट्ने मेशिन बितरण | | ५० | |
| | १९- | काउ म्याट बितरण | | 220 | |
| | १९- | माछा औषधि तथा चुना बितरण | | ४० व्यवसायिक कृषक | |
| | १९- | व्यवसायिक गाईभैसि फर्म | | ५७ | |
| | १९- | व्यवसायिक बाख्रा फर्म | | ३८ | |
| | १९- | व्यवसायिक बंगुर फर्म | | 32 | |
| | १९- | व्यवसायिक मत्स्य फर्म | | 27 | ४० बिगाहा जलाशय |
| | १९- | व्यवसायिक लेयर्स फर्म | | ३ | १४००० लेयर्स |
| | १९- | व्यवसायिक ब्रोइलर फर्म | | ९ | |
| | १९- | पशुपालन समुहसमिति/ | | /39१ | |
| | १र९ | कृषि सहकारीदुग्ध सहकारी/ | | २ | |
| | २ र ८/ | बाख्रा पकेट | बाख्रा बोका बितरण | ५० कृषक | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ९ | | १७५च्याप कटर / /२५बितरण गोठ सुधार १३ | | |
| | ८ र ९ | गाई पकेट | गाई बितरण /50च्याप कटर बितरण15 | १ पटकजना ५०/ समुह सदस्य | |
| | | **घाँसको बिउ बितरण** हिउदेडाले /बहु बर्षिय/बर्षे/ बिरुवा बितरण/घाँसका बिउ | | | |
| | | क्षमता बिकास तालिमहरुः गाईभैसिकुखुरा /बंगुर/बाख्रा/ दिने ३पालन तालिम | | २२५ कृषकहरु | |

लघु उद्यम तर्फ

संघीय सरकारबाट प्राप्त अनुदानमा सञ्चालित गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम अन्तरगत यस नगरपालिकामा हालसम्म भएका प्रगति र आगामी ५ वर्षको परिकल्पना तलको तालिकामा प्रस्तु गरिएको छ ।

## हाल सम्मको प्रगती र आगामी ५ बर्षको परिकल्पना

| **क.स** | **प्रदेश न. १** | **इकाई** | **जिल्ला** | | | | | **५ बर्ष पछिको परिकल्पना** |
|---|---|---|---|---|---|---|---|---|
| | | | **स्थानीयतह** | | | | | |
| | **कियाकलाप** | | **भौतिक लक्ष्य तथा प्रगति** | | | | केही नगर्ने | |
| | | | प्रगति ( परिमाण) | ब्यावसायी | थप तालिम लिइरहेका | बैदेशीक रोजगार | | |
| **१** | **नयाँ लघु उद्यमीसिर्जना गर्ने** | **जना** | | | | | | |
| १.१ | ब्युटिपार्लर | **जना** | २० | **२** | | **७** | **११** | **४० जना** |
| १.२ | सिलाइ कटाई | **जना** | ७८ | **२०** | **३९** | | **१९** | |
| १.३ | ढाका तालिम | **जना** | २० | **११** | | | **९** | **३०** |
| १.४ | **झोला** | **जना** | ७ | **४** | | | **३** | **३०** |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १.५ | **बाख्रा पालन** | **जना** | ५ | **५** | | | | **३०** |
| १.६ | **बगुर पालन** | **जना** | ७ | **७** | | | | **२०** |
| १.५ | **बजारीकरणमा पहुँच** | **जना** | **८** | **८** | | | | **३००** |

## सहकारी तर्फ

| क्रस | **वडा नं** | **सहकारीको संख्या** | **कैफियत** |
|---|---|---|---|
| १ | १ | ३ | १ |
| २ | २ | ३ | कृषि सहकारी १ वटा समेत गरि |
| ३ | ३ | ४ | कृषि सहकारी २ वटा समेत गरि |
| ४ | ४ | ४ | कृषि सहकारी १ समेत गरि |
| ५ | ५ | ५ | - |
| ६ | ६ | ३ | - |
| ७ | ७ | १५ | कृषि सहकारी ३ वटा समेत गरि |

| | | | |
|---|---|---|---|
| ८ | ८ | ४ | |
| ९ | ९ | ५ | कृषि सहकारी समेत गरि |

**३. सबल पक्षहरुः**

- पकेट क्षेत्रको रुपमा कृषि बालीहरुको पहिचान भइकन समुहमा आधारित अनुदान तथा खेति प्रणालीको विकास प्रारम्भ भएको
- साना किसानहरुलाइ प्रवर्द्धन गर्नको लागि बिउबिजन तथा यन्त्र अनुदानको रुपमा विक्री वितरण गरिएको तथा सिंचाइको लागि आधारभुत आबश्यकता परिपुर्ति तर्फ क्रियाकलाप संचालन गरिएको
- किसान सुचिकरण तथा अभिलेखनको लागि प्रकृयाको थालनी गरिएको
- कृषिमा आधारित अनुदान तथा कृषि व्यवसाय प्रवर्द्धनको लागि कानुन कार्यवीधिको तर्जुमा गरिएको
- नगर तथा वडाबाट कृषि व्यवसायका लागि संचालन हुने योजनामा तादाम्यता ल्याउने गरिएको
- छुट्टै पशुपन्छी विकास शाखाको स्थापना भइ दरबन्दी अनुरुपको कर्मचारी व्यवस्थापन भएको
- पशु रोगको प्रकोप तथा महामारी नियन्त्रण गर्नको लागि आबश्यक कदम थालिएको जसका लागि उपल्लो तहका सरकारसँग समन्वय गरिएको ।
- सहकारी संस्थाहरुको नियमन र अभिलेखांकनको लागि प्रकृयाको थालनी गरिएको
- सहकारीहरुको क्षमता विकासको लागी तालिम तथा क्षमता विकासका अन्य कार्यक्रमको थालनी गरिएको ।
- माग तथा आबश्यकताका आधारमा टोपे टोसे तालिमबाट नै सीप विकास तालिमको छनौट गरेको
- बजार तथा वित्त लिंकेजका कार्यक्रमहरु मार्फत लघु उद्यम गर्ने वातावरण तयार गरिएको
- उत्पादनशिल तथा विकास निर्माणका कार्यहरुमा प्रधानमन्त्री रोजगार अन्तरगतका कामदारहरुलाइ खटाइएको

**४. सुधार गर्नुपर्ने पक्षहरुः**

- वडा स्तर र नगरस्तरका कतिपय कृषिका योजनाहरु बिच तादाम्यता कायम गरेर बार्षिक कार्यक्रम बनाउनुपर्ने
- अनुदान पाएका किसानहरुको अभिलेख राख्दै उत्पादक बढे नबढेको बिषयमा फ्लो अप गर्नुपर्ने
- पशुपन्छी सँग सम्बन्धीत बजारको दायरा बिस्तार गरिनुपर्ने

- सहकारीहरुलाइ बचत तथा ऋणका अलावा उत्पादन मुलक क्षेत्रमा समेत परिचालित हुने वातावरणको सृजना गर्नुपर्ने
- महिला विकास सँग सम्बन्धित तालिमहरु प्राप्त गरेपछी उद्यम गर्नैपर्ने अवस्थाको सृजना गर्ने
- हालसम्म लघु उद्यम कार्यक्रमबाट लाभान्वित हरुको अभिलेखांकन गर्दै उनिहरुलाइ पर्याप्त मात्रामा फ्लो गरि थप स्वरोजगार / रोजगारको सृजना गर्ने

## ५. अवसर र चुनौतिहरुः

- धान तोरी तथा मकैको पकेट क्षेत्रको रुपमा परिचित यस उर्लाबारी नगरपालिकालाइ खाद्यान्नमा आत्मनिर्भर बनाउनुको साथै अन्यत्र समेत विक्री वितरण हुने व्यवस्था मिलाउन सकिने
- पर्याप्त वन क्षेत्र तथा खोला र खुला चरिचरणको क्षेत्र भएका कारण पशुपन्छीको व्यवसायमा थप टेवा पुग्ने
- उर्लाबारी नगरपालिकाको बढदो शहरीकरणलाइ संबोधन गर्दै उत्पादकत्व बढाउनका लागि सहकारी क्षेत्रलाइ परिचालन गर्न सकिने
- वन तथा कृषि जन्य कच्चा पदार्थको प्रयोग मार्फत स्थानीय जातीसँग सम्बन्धित लघु उद्यम तथा सोको माध्यमबाट रोजगार / स्वरोजगारको व्यवस्था गर्न सकिने

## ६. लक्ष्य

- उर्लाबारी नगरपालिकाको दिगो आर्थिक विकासको लागि सहकारी स्थानीय सरकार तथा निजी क्षेत्रको सहकार्यको माध्यमबाट कृषि तथा पशुजन्य उद्यम गर्दै पर्याप्त मात्रामा रोजगार/स्वरोजगारको अवस्था सिर्जना गर्ने

## ७. उदेश्य

- कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वको वृद्धि गरी खाद्य र पोषण सुरक्षा सुनिश्चित गर्नु
- कृषि पशु तथा वनमा आधारित लघुउद्यमको विकास गरि रोजगारी र आम्दानी वृद्धि गर्नु
- व्यवसायीकरण र प्रतिस्पर्धात्मक क्षमता विकास गरि कृषि क्षेत्रको व्यापार सन्तुलन गर्नु
- सहकारीमार्फत लक्ष्यित तथा विपन्न वर्गलाइ आर्थिक तथा सामाजिक सशक्तिकरणको प्रकृयामा सहभागी गराउनु
- सहकारी मुल्य मान्यताको अनुशरण तथा पारस्पारिकता र स्वावलम्बनको संस्कार विकास र सुशासन कायम गर्नु
- सहकारी संस्थाहरुलाइ बहुउत्पादन प्रशोधन र बजारीकरणतर्फ उन्मुख गराउन ति संस्थाको क्षमता अभिबृद्धि गर्नु

- उर्लाबारी नगरपालिकाको सिम तथा अन्य पर्यटकिय दृष्टिले चित्ताकर्षक क्षेत्रलाइ पर्यटन स्पटको रुपमा विकास गर्नु
- वन तथा पर्यटनबाट प्राप्त आयलाइ समन्यायीक ढंगले नगरबासीसमक्ष पुर्याउनु

## ८. क्रियाकलापहरु

- वन तथा सिमासर क्षेत्रको संरक्षण तथा रैथाने बिरुवाहरुको संरक्षणमा जोडबल पुग्ने कार्यक्रम संचालन गर्ने /गराउने
- उर्लाबारी नगरपालिकाको खेतियोग्य भूमिमा सिचाइको उपलब्धता बढाउँदै मल तथा उत्कृष्ट बिउबिजनको लागि पहलकदमी लिने
- उत्पादित कृषि तथा पशुजन्य सामानहरुको बिक्री वितरण तथा भन्डारणको लागि आबश्यक संरचनाको विकास गर्ने
- कृषिको व्यवसायिकरणका लागि भूमिको उपलब्धताको सुनिश्चतता गरिनुका साथै करार र समुह वा सहकारी खेतिका लागि एकिकृत भुमि व्यवस्थापन प्रणालीलाइ प्रोत्साहन प्रदान गरिने छ ।
- कृषि तथा पशुपन्छीजन्य क्षेत्रका तथ्यांक संकलन विश्लेषण तथा प्रकाशन गरि विश्वसनिय तुल्याइनेछ
- मेडपा तथा नगरपालिकाको अन्य स्रोतबाट सिर्जित उद्यमीहरुको उत्पादनको उत्पादन तथा बजारीकरणमा सुनिश्चितता कायम गर्न financial linkage र Market Linkage लाइ प्रभावकारी बनाउने कार्यक्रमहरु संचालन गरिनेछ ।

## ९. उपलब्धीमूलक सुचक

| क्रस | उपक्षेत्र | उपलब्धी मापनका सुचकहरु |
|---|---|---|
| १ | सहकारी | • सहकारी अनुगमन प्रतिवेदन<br>• सहकारीहरुको सम्बन्धी स्थानीय कानुन कार्यविधि<br>• सहकारीको नगरपालिकामा योगदान पुर्याएको झल्कने आर्थिक विकास प्रतिवेदन<br>• सहकारीहरुको बार्षिक प्रगती तथा लेखापरिक्षण प्रतिवेदन<br>• सहकारी सम्बन्धी |

| | | |
|---|---|---|
| | | नगरपालिकामा संचालनमा आएका सफ्टवेयर तथा तिनबाट सिर्जित प्रतिवेदनहरु |
| २ | कृषि | • कृषि विकासका कार्यक्रम संचालन सम्बन्धी कार्यवीधीहरु<br>• कृषक गणना अभिलेख तथा प्रतिवेदन<br>• कृषक समुह तथा कृषि सहकारीका प्रतिवेदनहरु<br>• नगरपालिकाको कृषिजन्य उत्पादनको मात्रा<br>• नगरपालिकामा सिंचाइ भुगोलको मात्रा तथा बिउबिजन र मलको उपलब्धता |
| ३ | पशुपन्छी विकास शाखा | • पशुपन्छी शाखासँग सम्बन्धित नगरपालिकाको बार्षिक प्रगती प्रतिवेदन तथा समिक्षा प्रतिवेदन<br>• विभिन्न पशु तथा कृषि फर्महरु<br>• नगरपालिकाबाट बिक्री वितरण हुने पशुजन्य सामाग्रीको मात्रा |
| ४ | पर्यटन | • सिमसार तथा स्थानीय पर्यटन स्थल संचालन कार्यविधी<br>• वन तथा पयर्टन क्षेत्रबाट बार्षिक रुपमा उठेको राजश्व |

| | | |
|---|---|---|
| | | • पर्यटन विकासको लागि नगरपालिकाबाट गरिएको लगानी तथा यसको लाभ लागत प्रतिवेदन |
| ५ | लघुउद्यम | • गरिव घरधुरी सर्वेक्षण फाराम<br>• नगरपालिकाको उद्यम विकास रणनीती तथा आवधीक योजना<br>• लघु उद्यम समुह तथा यसको संजालको उपस्थीति<br>• सीप सिकेर उद्यम गर्ने मानिसहरुको व्यवसाय योजना<br>• नगरपालिकाको बार्षिक समिक्षा प्रतिवेदन |

## १०. आर्थिक विकास तर्फका रणनीतिहरु

- नगरपालिकाको सिंचाइ विकासको लागि बनाइएको गुरुयोजना तथा कृषि विकास रणनिती अनुरुप जलवायु परिवर्तन अनुकूलन हुने गरि नयाँ प्रविधिमा आधारित सिचाइ योजनाहरुको विकास एवं विस्तार गरिने ।
- भुउपयोग नीति अनुकुल हुने गरि खेति तथा अन्य प्रयोजनको लागि भूमिको उपयोग गर्दै कृषकको क्षमता अभिवृद्धि गर्ने खालका कार्यक्रमहरु सँचालन गर्ने गराउने ।
- सहकारीको नियमित तथा सघन अनुगमन गरि सहकारीलाइ उत्पादनमुलक कार्यमा निश्चित प्रतिशत रकम लगानी गर्ने गराउने गरि आबश्यक नीति तय गर्ने
- नगरपालिकालाइ कार्यक्षेत्र बनाइ संचालनमा रहेका सहकारीहरुको क्षमता अभिबृद्धि गर्ने खालका कार्यक्रमहरु संचालन गरिनुका साथै आर्थिक विकासमा निजी नगरपालिका तथा सहकारीको सहकार्यत्मक योगदान कायम गरिने ।
- विपन्न वर्गको पहिचान गरि आबश्यक स्थानमा कार्यक्रम छनौटको लागि नगर उद्यम विकास समितिमार्फत कार्यक्रम संचालन गर्दै अत्यन्तै गरिब बर्गलाइ न्युनतम जिवन यापन गर्ने सुनिश्चितता प्रदान गर्ने

- उर्लाबारीको भुगोलमा उपलब्ध  प्राकृतिक स्रोत उपयोग तथा परिचालनमार्फत स्थानीय आर्थिक विकासमा टेवा पुर्याउनको लागि श्रोतको पहिचान परिचालन तथा लाभ लागतको बाँडफाँडका लागि विभिन्न निकायहरुको सहकार्यमा कार्यक्रम संचालन गरिने
- सिमसार संरक्षण तथा पर्यटनको विकासका लागि नयाँ गन्तव्य स्थलको पहिचान र विकास गर्दै नगरपालिका तथा नगरबासीको आन्तरिक आय अभिबृद्धि गर्ने खालका कार्यक्रम संचालन गर्ने ।

# (ग) सामाजिक विकास

### १. पृष्ठभूमिः

नेपालको संविधान (२०७२)ले सामाजिक विकासका विषयलाई मूलभूत रूपमा उल्लेख गरेको पाइन्छ। स्वतन्त्रता, समानता, न्यायलाई आत्मसात् गर्दै धार्मिक सांस्कृतिक स्वतन्त्रता, शिक्षा, स्वास्थ्यका विषयलाई आधारभूत मौलिक हककै रूपमा संविधानले स्थान दिएको पाइन्छ। भाषा, रोजगारी, आवास, सम्पत्तिसमेतका विषयमा अधिकारसम्पन्न बनाई ज्येष्ठ नागरिकको संरक्षणमा समेत जोड दिइएको छ। सामाजिक विकासकै सवालमा समाजमा रहेका फरक किसिमले सक्षम नागरिकलाई विविधताको पहिचानसहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुने व्यवस्थासमेत छ।

### २. सक्षिप्त स्थिति (हामी कहा छौ ?)

यस उर्लाबारी नगरपालिकामा सामाजिक विकास क्षेत्रमा विगतदेखि हालसम्म गरेका उपलब्धी र हालको अवस्थालाई विभिन्न उपक्षेत्रमा विभाजन गरि तल संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ ।

**शिक्षातर्फ**

| क्रस | विद्यालयको प्रकार | संख्या | कैफीयत |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय | २२ | |
| २ | संस्थागत विद्यालय | ३४ | |
| ३ | धार्मिक विद्यालय | ४ | |
| ४ | क्याम्पस | १ | |
| ५ | प्राविधिक शिक्षालय | ३ | सामुदायिक विद्यालयमा नै संचालन रहेको । |

**स्वास्थ्य तर्फ**

यस उर्लाबारी नगरपालिकाको जम्मा जनसंख्या ७२६२० रहेको छ । जसमा १ वर्ष मुनिका वालवालिका को संख्या १०७५ तथा ५ वर्ष मुनिका वालवालिकाको संख्या ५५४५ रहेको छ । उर्लाबारी नगरपालिकामा प्रजनन् उमेरका महिलाहरु (वर्ष४९देखी ४५)२१२८७ जना र विवाहित महिलाहरु १७५६७ जना रहेको छ । यस नगरपालिकामा सम्भावित गर्भवति महिलाहरुको संख्या १२४४ जना रहेको छ । नगरपालिकाका

सबै वडामा स्वास्थ्य चौकी तथा आधारभुत स्वास्थ्य सेवा केन्द्रहरु स्थापना भई संचालनमा छन । वार्ड नं ३ . मा प्रदेश स्तरीय विषेश अस्पताल रहेको छ भने निजि अस्पताल पोलिक्लिनिकतथा क्लिनिकहरुबाट समेत नियामित स्वास्थ्य सेवा प्रवाह भई रहेको छ । सुचकहरुको आधारभुत स्वास्थ्य सेवाका मुख्य मुख्य ०७८.व.समिक्षा गर्दा आ÷२०७९ मा यस नगरपालिकामा विप्रतिशत रहेको छ ९०खोप पाउने वच्चा .जि.सी. प् ९०भने दादुराको दोस्रो मात्रा पाउने वच्चाहरु पनि रतिसत नै छन तर टिडि खोप पाउने गर्भवति महिलाहरुको संख्या ४६ प्रतिशत मात्र रहेको छ । बालबालिकाको खोपको अवस्था राष्ट्रिय लक्ष्य अनुसार भएको भएता पनि गर्भवति महिलाहरु अझै पनि टि डी खोप लागउन छुटेको देखिन्छ । ९३ प्रतिसत २ वर्ष मुनिका वच्चाहरु न्च्इधत्ज् ःइलक्षत्इचक्ष्ल्न् मा आएका छन भने औषत पटक ३ पटक मात्र छ, यो अन्यन्तै न्यन पटक हो । यस नगरपालिकामा क्षयरोगका विरामिहरु १०२ जना रहेकोमा सक्रिय संकमण हुनेखकार ) रहेको छ । क्षयरोगको त्वभबत ६९क्षयरोगीको संख्या (पोजेटिभmभलत क्गअअभकक चबतभ प्रतिशत ८७ रहेको छ । यस बाट अझै सक्रिय संक्रतिहरु समुदायमा लुकेर बसेको र समयमै निदान गर्न नसकियको कुरा लाई नकार्न सकिन्न । यस नगरपालिकामा कुष्ठरोगीहरुको संख्या ७ जना रहेको छ । ५ वर्ष मुनिका वालवालिकामा निमोनिया हुने दर प्रतिहजार ९५ तथा झाडापखालाको दर १०१ रहेको छ, यस बाट वच्चहरुमा हुने निमोनिया र झाडा पखालाको संक्रमण उल्लेख्यरुपमा घटेको भन्न सकिन्छ । स्वास्थ्य संस्थामा नियमित गर्भ परीक्षण गर्ने गर्भवति महिलाहरु ४४ प्रतिसत र प्रोटोकल अनुसार सुत्केरी जाचँ गर्ने महिलाहरु १० प्रतिसत मात्र छन, यस बाट अझै पनि गर्भवति तथा सुत्केरी महिलाहरु जोखीममा रहेको देखीन्छ । प्रजनन् उमेर समूहका महिला रक्तअल्पताबाट ग्रसित छन् .३३राष्ट्रिय औषत )५ रहेको छ। ( रक्तअल्पतालाई लुकेको भोकमरीका रूपमा चिनिन्छ जसको कारणबाट गर्भावस्थामा समस्या निम्तिन्छ र नवजात शिशुको शारिरीक तथा मानसिक विकास समस्याग्रस्त हुन्छ । महिला साक्षरतामा सुधारहरू भएतापनि नियमित रुपमा गरिनुपर्ने गर्भावस्थाको जाँच तुलनात्मक रूपमा कम छ । नवजात शिशु मृत्युदर प्रति १००० जीवित जन्ममा १७ (राष्ट्रिय), एक बर्ष मुनिका बालबालिकाहरुको मृत्यु दर प्रति हजार २४ जना र (राष्ट्रिय) पाँचवर्ष मुनिकाको मृत्युदर प्रति १००० जीवित जन्ममा २८रहेको छ । उपचार सेवा प्रवाह तर्फ (राष्ट्रिय) ०७८.व.न्न स्वास्थ्य संस्थाहरुबाट आउर्लाबारी नगरपालिकामा रहेको विभि÷२०७९ मा जम्मा ११०४१५ जनाले ओ पी डी भिजिट गरेका मध्ये ६००८२ जना महिला रहेका छन । नसर्ने तथा दिर्गरोगहरुको प्रकोप वढदो अवस्थामा रहेको छ ।

**महिला बालबालिका तथा अपाङ्गता र ज्येष्ठ नागरिक तर्फः**

महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता भएका क्षेत्रमा उर्लाबारी नगरपालिका हाल कुन अवस्थामा रहेको छ भन्ने चित्रण तलको प्रगती विवरणबाट गरिएको छ ।

**विवरण**

| गत बर्षको प्रगती 5 | | | आगामि बर्षको योजना 5 | | यस आ .ब. सम्मको बचत | आगामि 5 बर्षको योजना | बचत 5 बर्षमा लेखा परिक्षणको दायरामा ल्याइनेछ। |
|---|---|---|---|---|---|---|---|
| वडा नं | समिति संख्या | नगरपालिका बाट प्राप्त कोष | समिति 5 बर्षमा | कोष 5 बर्षमा | | | |
| 1 | 12 | 265000 | 20 | 350000 | | | |
| 2 | 8 | 100000 | 20 | 350000 | | | |
| 3 | 9 | 105000 | 18 | 350000 | | | |
| 4 | 8 | 60000 | 20 | 350000 | | | |
| 5 | 7 | 25000 | 15 | 350000 | | | |
| 6 | 9 | 90000 | 18 | 350000 | | | |
| 7 | 10 | 205000 | 20 | 350000 | | | |
| 8 | 13 | 390000 | 20 | 350000 | | | |
| 9 | 12 | 263000 | 18 | 350000 | | | |
| | 88 | 1503000 | | | 24600000 | 60000000 | |
| 10 | लैससास परिक्षण | | 54, 100 बाट 72 | | 100 बर्षमा 5 पुर्याउने | | |
| 11 | बालमैत्री स्थानिय शासन कार्यक्रम सुरु | | बालमैत्री स्थानिय शासन घोषणा तथा निरन्तरता | | | | |
| 12 | जेष्ठ नागरिक सेवा तथा मिलन केन्द्र संचालन तथा ब्यवस्थापन सम्वन्धि कार्यविधि भएको | | जेष्ठ नागरिक सेवा तथा मिलन केन्द्र संचालन तथा ब्यवस्थापन सम्वन्धि कार्यविधिलाई कार्यन्वयनमा ल्याईने | | | | |

## सिप बिकास तर्फ

| क्रस. | सिप | संख्या जना/ | रोजगार अर्ध रोजगार | बर्षमा 5 जना | रोजगार अर्ध रोजगारनाज / |
|---|---|---|---|---|---|
| 1 | सिलाइ कटाई | 252 | जना 68<br>35000-12000 | 500 | 150 |
| 2 | ढाका | 104 | जना 35 | 300 | 200 |
| 3 | ब्यूटिपार्लर | 79 | जना 25 | 200 | 100 |
| 4 | प्रशिक्षक | 20 | जना 60 | | |

## अपाङ्गता तर्फ

## अपाङ्गता परिचय पत्र

| क बर्ग | ख बर्ग | ग बर्ग | घ बर्ग | जम्मा | प्रोफाइल तयारी | मिलीजुली समूहमा | बचत | उपचार | रकम | सिप बिकास तालिम | रोजगारी | सहायक सामाग्री |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 178 | 298 | 101 | 87 | 663 | 414 | 295 | 1106300 | जना 32 | 329364 | जना 49 | जना 4 | 138 |
| आगामि 5 बर्षमा | | | | 1000 | 1000 | 950 | 2500000 | 100 | | 100 | 30 | 300 |

**३. सबल पक्षहरुः**

१ तालिम प्राप्त शिक्षकको नियुक्ति

२ शिक्षा ऐन, नियमावली र कार्यविधिको निर्माण भएको

३ विद्यालयको भौतिक संरचनाको विकास

४ भौगोलिक रुपमा सुगम

५ सरोकारवालाहरुको एक अर्कामा राम्रो सम्बन्ध र समन्वय रहेको

६ महिला बिकास कार्यक्रम अन्तर्गत ९ वडामा ९० समितिहरु परिचालनमा रहेको

७ सिप सिकेर जम्मा १२८ जना रोजगार तथा अर्धरोजगार भएको ।

८ २० जना प्रशिक्षक तयार भएको । आधाले प्रशिक्षण गरिरहेको ।

९ अपाङ्गता समबन्धी कार्यक्रमहरु भएको

१० बालमैत्री स्थानिय सासनको सुरुवात भएको ।

## ४. सुधार गर्नुपर्ने पक्षहरुः

- दरबन्दी अनुसार तहगत तथा विषयगत शिक्षकहरुको अभाव
- शिक्षकहरुलाइ पुर्नताजगी तालिम तथा क्षमता विकासका कार्यक्रमहरुको न्यून हुनु
- प्रविधीमैत्री शिक्षण सिकाई संचालन गर्नका लागि सबै विद्यालयमा कम्प्युटर र स्मार्ट बोर्ड लगायतका सामाग्रीको पर्याप्तता नहुनु
- प्रधानाध्यापक तथा शिक्षकहरुलाइ कार्यसम्पादन संझौता गरि कार्यन्वयनमा ल्याउन नसक्नु
- विद्यायलको सुपरिवेक्षण तथा निरिक्षण नियमित रुपमा हुन नसक्नु
- बालमैत्री सिकाईको लागि पर्याप्त भौतिक पुर्वाधारको विकास गर्न नसक्नु
- विद्यालयहरुको उचित नक्शांकन गरि विद्यालयको सेवा क्षेत्र निर्धारण गर्न नसकिएको ।
- विद्यालय बाहिर रहेका र विद्यालयमा उमेर अनुसार भर्ना भएका विधार्थीहरुको यकिन तथ्यांक पहिचान हुन नसकेको
- संस्थागत विद्यालयहरुको शुल्क निर्धारणको उचित मापदन्ड तयार नभएको
- सामुदायिक विधालयमा लेखा तथा अभिलेख व्यवस्थापन प्रणाली कमजोर रहेको ।
- सिप सिके जति प्रयोगमा नआएको तथा निरन्तरता हुन नसकेको ।
- समितिमा रहेको बचत परिचालनमा केही ठाउमा समस्या भएको ।
- समुह सदस्यको बेवास्था ।
- बजारीकरणको समस्या भएको ।

## ५. अवसर र चुनौतिहरुः

- भौगोलिक रुपमा सबै वडा तथा विद्यालय पुग्ने बाटोघाटो तथा खानेपानीको पहुँच भएको ।

- सबै विद्यायमा इन्टरनेट सेवा उपलब्ध भएको ।
- सामुदायिक विद्यालयहरुमा विषयगत शिक्षकहरुको उपलब्धता क्रमश बढदै गएको
- विद्यालय शिक्षक तथा विधार्थीहरुको IEMIS सफ्टवेयरमार्फत अभिलेखांकनको कार्य भैरहेको ।
- विधार्थीको सिकाई उपलब्धी क्रमश वृद्धि हुँदै गएको ।
- सामुदायिक विद्यालयहरुमा भौतिक पुर्वाधारहरुको विकास क्रमश बढदै गएको ।
- नगरपालिका प्राविधिक शिक्षालयको विकास भइ दक्ष प्राविधिक जनशक्ति उत्पादन बढन थालेको
- नगर शिक्षा तथा शिक्षा सम्बन्धी ऐन नियम तथा आबश्यक कार्यविधीहरु तयार भएको
- विपन्न तथा जेहनदार विद्यार्थीहरुलाइ नगरपालिकाबाट छात्रवृत्तिको व्यवस्था गरिएको ।
- विद्यालयमा विधार्थीहरुको भर्नादर र टिकाउदरमा क्रमश सुधार हुँदै गरेको ।
- स्थानिय तहको स्रोतमा पहुच
- केही आवस्यकता अनुसारको कार्यबिधी ,निति निर्माण भएको
- कोशेली घरबाट टाढाको बजार नजिक आउने सम्भावना ।

## ६. लक्ष्य

- उर्लाबारी नगरपालिकाको समुन्नत विकासको लागि चेतनशिल र स्वस्थ समाजको निर्माण गर्दे सबै नागरिकलाइ संविधानसम्मत अधिकारको सुनिश्चितता कायम गरि दिगो शान्ति स्थापना गर्ने

## ७. उदेश्य

- गुणस्तरिय शिक्षाको माध्यमबाट उत्पादित जनशक्तिलाइ बजारमा बिक्न सक्ने तुल्याउने
- संस्कारयुक्त शिक्षाको माध्यमबाट नैतिकवान पुस्ताको सिर्जना गर्ने
- जलबायु परिवर्तन स्थानीय रैथाने संस्कृतिबारे विद्यालय तहदेखी नै जानकारी प्रदान गर्दै विकास र सन्तुलनलाइ समदुरीका साथ अगी बढाउने वातावरणको विकास गर्ने
- सबै नागरीकलाई आधारभुत स्वास्थ्यसेवा निःशुल्क उपलब्ध गराउने
- सबै उमेर समूहका व्यक्तिाका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रर्वद्धन गर्ने
- दिगो विकाश लक्ष्यहरु पुरा गर्ने स्वास्थ्य सेवाहरुलाई विशेष जोड दिने ।
- सवै नागरीकहरुलाई गुणस्तरीय तथा आधारभुत स्वास्थ्य सेवा उपलब्ध गराउने
- नवजातशिशु मृत्युदर, शिशु मृत्युदर, मातृमृत्युदर र वालमृत्युदरहरुलाई घटाउने
- वाल बालिका तथा गर्भवति र सुत्केरी आमाहरुको पोषण स्थितिमा सुधार गर्ने
- स्वास्थ्य पुर्वाधार, औषधि तथा उपकरणको उपलब्धतामा वृद्धि गर्ने ।

- नसर्ने रोगको प्रकोपको न्युनिकरण लागि स्वास्थ्य प्रवदर्दनात्मक सेवालाई विस्तार गर्ने
- निदानात्मक सेवा र उपचारात्मक सेवालाई विस्तार गरी प्रभावकारी वनाउने
- स्थानीय स्तरमा उपलब्ध हुने जडिवुटिहरुको प्रर्वधन गर्ने
- स्वास्थ्य र सरसफाइ र स्वच्छ खानेपानिमा सबैै नागरीकहरुको पहुँच पर्याउने ।
- प्रत्येक व्यक्तिको घटना दर्ता समयमै गरी कानुनी मान्यता कायम गर्ने ।
- जनसंख्या सम्बन्धी विभिन्न तथ्याकं उत्पादन गरी उपलब्ध गराउने ।
- VERSP-MIS मार्फत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता लाभग्राहीको
- विवरणलाई व्यवस्थित गराउने ।
- आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला,
- अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपन्मुख
- जातिका नागरिकलाई कानुन बमोजिम सामाजिक सुरक्षाको व्यवस्थापन तथा कार्यान्वयन गर्ने ।
- सामाजिक सुरक्षा भत्ता वितरणमा प्रभावकारिता ल्याउन नितिगत व्यवस्थापन गर्ने ।
- सामाजिक सुरक्षा भत्ता वितरणमा प्रभावकारिता ल्याउन लाभग्राहीहरुको परिचय
- पत्र नविकरण तथा विवरण अद्यावधिक गर्ने ।
- व्यक्तिगत घटना दर्ता दशक सन 2015-2024 सफल पार्न सहयोग गर्ने ।
- महिला तथा पछाडी पारिएका समुदायको शसक्तिकरणको लागि सीप विकास तालिमका अतिरिक्त विशेष आर्थिक उपार्जनका कार्यक्रम संचालन गर्ने ।
- बालमैत्री पालिका स्थापना गर्नका लागि सबैखाले सार्वजनिक संरचनामा अनिवार्य सुचकहरुको परिपालना गर्ने गराउने अभियान संचालन गर्ने
- अपाङ्ग तथा ज्येष्ठ नागरिकलाइ मर्यादा सहितको आत्सम्मानपुर्ण जिवन व्यतितको लागि अभियानात्मक तथा आर्थिक उपार्जनको कार्यक्रम संचालन गर्ने

## ८. क्रियाकलापहरु

- विद्यालयलदेखि नै प्राविधिक तथा नैतिकयुक्त शिक्षाका माध्यमबाट उत्पादित जनशक्तिलाइ बजारमा बिक्न सक्ने तुल्याउने
- जलबायु परिवर्तन स्थानीय रैथाने संस्कृतिबारे विद्यालय तहदेखी नै जानकारी प्रदान गर्दै विकास र सन्तुलनलाइ समदुरीका साथ अगाडी बढाउन पाठयक्रममा नै उक्त विषय समावेश गर्ने
- सबै नागरीकलाई आधारभुत स्वास्थ्यसेवा निःशुल्क उपलब्ध गराउनका लागि आबश्यक प्रवन्ध गर्ने
- सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर कायम गर्न आबश्यक अभियानात्मक क्रियाकलाप संचालन गर्ने
- नवजातशिशु मृत्युदर, शिशु मृत्युदर, मातृमृत्युदर र वालमृत्युदरहरुलाई घटाउने

- वाल बालिका तथा गर्भवति र सुत्केरी आमाहरुको पोषण स्थितिमा सुधार गर्ने
- स्वास्थ्य पुर्वाधार, औषधि तथा उपकरणको उपलब्धतामा वृद्धि गर्ने ।
- नसर्ने रोगको प्रकोपको न्युनिकरण लागि स्वास्थ्य प्रवदर्दनात्मक सेवालाई विस्तार गर्ने
- निदानात्मक सेवा र उपचारात्मक सेवालाई विस्तार गरी प्रभावकारी वनाउने
- स्थानीय स्तरमा उपलब्ध हुने जडिवुटिहरुको प्रर्वधन गर्ने
- स्वास्थ्य र सरसफाइ र स्वच्छ खानेपानिमा सबेै नागरीकहरुको पहुँच पर्याउने ।
- प्रत्येक व्यक्तिको घटना दर्ता समयमै गरी कानुनी मान्यता कायम गर्ने ।
- जनसंख्या सम्बन्धी विभिन्न तथ्याकं उत्पादन गरी उपलब्ध गराउने ।
- VERSP-MIS मार्फत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता लाभग्राहीको विवरणलाई व्यवस्थित गराउने ।
- आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला,
- अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपन्मुख
- जातिका नागरिकलाई कानुन बमोजिम सामाजिक सुरक्षाको व्यवस्थापन तथा कार्यान्वयन गर्ने ।
- सामाजिक सुरक्षा भत्ता वितरणमा प्रभावकारिता ल्याउन नितिगत व्यवस्थापन गर्ने ।
- सामाजिक सुरक्षा भत्ता वितरणमा प्रभावकारिता ल्याउन लाभग्राहीहरुको परिचय
- पत्र नविकरण तथा विवरण अद्यावधिक गर्ने ।
- व्यक्तिगत घटना दर्ता दशक सन 2015-2024 सफल पार्न सहयोग गर्ने ।
- महिला तथा पछाडी पारिएका समुदायको शसक्तिकरणको लागि सीप विकास तालिमका अतिरिक्त विशेष आर्थिक उपार्जनका कार्यक्रम संचालन गर्ने ।
- बालमैत्री पालिका स्थापना गर्नका लागि सबैखाले सार्वजनिक संरचनामा अनिवार्य सुचकहरुको परिपालना गर्ने गराउने अभियान संचालन गर्ने
- अपाङ्ग तथा ज्येष्ठ नागरिकलाइ मर्यादा सहितको आत्सम्मानपुर्ण जिवन व्यतितको लागि अभियानात्मक तथा आर्थिक उपार्जनको कार्यक्रम संचालन गर्ने ।
- महिला विकास शाखा अन्तरगत सृजित महिला समुह तथा संजालको माध्यमबाट सामाजिक न्यायसँग सम्बन्धित अभियानात्मक क्रियाकलाप संचालन गर्ने

## ९. उपलब्धीमूलक सुचक

| क्रस | उपक्षेत्र | उपलब्धी मापनका सुचकहरु |
|---|---|---|
| १ | शिक्षा | • विद्यालयको नंक्शाकन तथा तथ्यांक संकलन<br>• बर्ष भित्रमा कम्तिमा ३०० शिक्षकलाइ क्षमता विकास तालिम प्रदान |

| | | |
|---|---|---|
| | | • अनुगमन तथा सुपरिवेक्षण संयन्त्रको स्थापना तथा क्रियाशिलता<br>• अनुगमन प्रतिवेदन<br>• नगरपालिकाको बार्षिक समिक्षा प्रतिवेदन<br>• IEMIS बाट प्राप्त प्रतिवेदनहरु<br>• सामुदायिक विधालयहरु नमुना विद्यालयमा रुपान्तरण<br>• विधार्थीको भर्नादर र टिकाउदर<br>• नगरपालिकाबाट प्रदत्त हुने छात्रवृत्ती र लाभान्वित विधार्थी संख्या |
| २ | स्वास्थ्य | • बाल मृत्युदर<br>• मातृ मृत्यदुर<br>• खोप लाउने बालबालिकाको प्रतिशत<br>• सरुवा रोगको मात्रा<br>• कुपोषणको मात्रा झल्कने प्रतिवेदन<br>• नगरपालिकाको बार्षिक समिक्षा प्रतिवेदन<br>• स्वास्थ्य संस्था तथा आबश्यक औजारहरुको उपलब्धता<br>• स्वास्थ्यकर्मिहरुको दरबन्दी र सोको परिपुर्ति |
| ३ | महिला , बालबालिका , ज्येष्ठ नागरिक तथा अपाङ्ग | • नगरपालिकको बार्षिक समिक्षा प्रतिवेदन<br>• महिलाहरुको आर्थिक विकासमा योगदान |

| | | |
|---|---|---|
| | | झल्कने विभिन्न आर्थिक प्रतिवेदनहरु<br>• महिला समुहहरु तथा संजालहरु<br>• महिला तथा बालबालिका र अपाङ्ग सम्बन्धी विभिन्न कार्यविधी तथा निर्देशिकाहरु |
| ४ | सामाजिक सुरक्षा | • VERSP-MIS सुचना प्रणालीको प्रयोग र प्रतिवेदन<br>• सामाजिक सुरक्षा भत्ता पाउने मानिसको संख्या<br>• नगरपालिकाको बार्षिक समिक्षा प्रतिवेदन |

## १०. सामाजिक विकास तर्फका रणनीतिहरु

- ✓ नेपालको संविधान २०७२ ले सुनिष्चित गरेको आधारभुत स्वास्थ्य सेवालाई नागरिकहरुको स्वास्थ्य सम्बन्धि आवश्यकता परिपुर्ति हुने गरी सुनिष्चित गरीनुका साथै सबै नागरिकहरुले गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गरेको एकिन हुने गरी व्यवस्था मिलाईने छ ।
- ✓ स्वास्थ्य चौकी तथा आधारभुत स्वास्थ्य सेवा केन्द्रहरु र शहरी स्वास्थ्य सेवा केन्द्रमा आवश्यकताका आधारमा क्रमशः निःशुल्क आधारभुत प्रयोगशाला सेवा विस्तार गर्दै लगीने छ (ल्याब)।
- ✓ अति विपन्न,गरीव, सर्वहारा वर्गहरुलाई आकस्मिक स्वास्थ्य सेवा तथा दिर्घरोगहरुको उपचारका लागी सहायता उपलब्ध गराइनेछ ।
- ✓ सरकारले विपन्न नागरिकहरुलाई उपचार सहुलियत दिँदै आएको आठ ओटा रोगहरु क्यान्सर), मृगौला, मुटुरोग, स्पाइनल इन्ज्युरी, पार्किन्सन्स, हेडइन्ज्युरी, अल्जाइमर र सिकलसेल एनिमिया) का विपन्न विरामिहरुलाई यातायात खर्च उपलब्ध गराइनेछ । (एम्वुलेन्स भाडा)
- ✓ पुर्णखोप दिगोपनाको लागी खोपकेन्द्रहरुको भौतिक व्यवस्थापन, गुणस्तरीय खोप सेवाका लागी नयाँ स्वास्थ्यकर्मिहरुलाई तालिम र सरोकारवालहरुको समन्वयमा जनचेतनामुलक कार्यक्रम गरी यस नगरपालिकालाई पुर्णखोप युक्त नगर कायमै राखिनेछ ।

- ✓ सरकारी, निजि र सामुदायिक तथा सहकारी स्वास्थ्य संस्थाहरुबाट गरीने प्रतिवेदनहरुलाई व्यवस्थित, बैज्ञानिक र नियमित बनाउन अनलाईन रिर्पोटिङ्ग सिष्टमलाई स्वास्थ्य संस्था सम्म क्रमशः विस्तार गर्दै लगीनेछ । जसका लागी स्वास्थ्यर्मिहरुको क्षमता अभिबृद्धी र अन्य आवश्यक अन्य व्यवस्थापन गरिनेछ ।
- ✓ सबै वडामा कार्यरत महिला स्वास्थ्य स्वंय सेविकाहरुलाई आ आफ्नो कार्यक्षेत्रमा दत्तचित्त भई काम गर्न उप्रेरित बनाउन प्रोत्साहन तथा पुरस्कारको व्यवस्था गरीनेछ ।
- ✓ निजि अस्पताल,पोलिक्लिनिक, क्लिनिक तथा सहकारी अस्पतालहरुको सेवालाई व्यवस्थित गराउन तोकिएका सेवाहरुको प्रवाह,सेवाशुल्क आदि मापदण्ड अनुसार भए नभएको नियमित अनुगमन गरीनेछ । निजि स्वास्थ्य संस्थाहरुको दर्ता तथा नविकरण लाई व्यवस्थित गरीनेछ ।
- ✓ विभिन्न माध्यम बाट माहामारी तथा आधारभुत स्वास्थ्य सेवा सम्वन्धि सुचना प्रवाह गरी स्वास्थ्य जिबनशैली प्रति सकारात्मक व्यवहार परिबर्तन गरी नागरीकहरुको स्वास्थ्य प्रर्वधनमा जोड दिइनेछ ।
- ✓ माहामारी प्रकोप तथा  किटजन्य रोगहरुको रोकथामको लागी विभिन्न कार्यक्रमहरु संचालन गरी माहामारी नियंत्रण गरीनेछ । जसका लागी औषधि, उपकरणहरु समेतको प्रयाप्त व्यवस्था गरीने छ ।
- ✓ आधारभुत स्वास्थ्य सेवाका लागी आवश्यक पर्ने तोकीएका सम्पुर्ण औषधिहरुको प्रयाप्त व्यवस्था गरी नगरपालिका अन्तगतका सबै स्वास्थ्य संस्थाहरुबाट बर्ष भरी नै  निःशुल्क वितरण गरीने व्यवस्था मिलाईने छ ।
- ✓ देशको सबैभन्दा पुरानो आर्युवेद तथा परम्परागत चिकित्सा पद्दति लाई संरक्षण गर्दै नगरका सम्पुर्ण नागरिकहरुको पहुँच हुनेगरी विस्तार गरीनेछ ।
- ✓ जेष्ठ नागरीक तथा दिर्घरोगीहरुलाई योग व्यायाम,प्रणयाम तथा ध्यान जस्ता प्राकृतिक चिकित्साका सिप सिकाई दम,बाथ,मधुमेह,उच्च रक्तचाप,क्यान्सर तथा मुटु सम्वन्धि रोगहरु लगायतका दिर्घरोगहरुको रोकथाममा जोड दिइने छ ।
- ✓ सववहान र एम्वुलेन्स सेवाको नियमित व्यवस्था मिलाईने छ ।
- ✓ अति विपन्न परिवारलाई नगरपालिकाबाट निःशुल्क स्वास्थ्य विमा लाई गरीने छ ।
- ✓ सरकारी, गैर सरकारी, सामुदायिक तथा निजि स्वास्थ्य संस्थाबाट प्रदान गरिने स्वास्थ्य सेवाको गरणस्तरलाई सुधार गर्न नेपाल स्वास्थ्य पुर्वाधार विकास मापदण्ड एवं न्यनतम सेवा मापदण्ड लाई कार्यान्वयन गरीने छ ।
- ✓ घर स्वास्थ्य सेवा,विधालय स्वास्थ्य सेवा र विभिन्न संस्थाले दिने स्वास्थ्य सेवालाई व्यवस्थित र नियमित गरीनेछ ।
- ✓ स्वास्थ्य रहनु नागरिकको स्वयं जिम्मेवारी हो भन्ने तथ्य लाई स्वास्थ्य सचेतना मार्फत अभिवृद्धी गर्दे स्वास्थ्य जिवनशैलि प्रर्वद्धन गरिनेछ ।

- ✓ स्वास्थ्य संस्थाहरुले गर्ने प्रतिवेदनलाई गुणस्तरीय, अनलाइन तथा डिजिटल प्रविधिमा विस्तार गर्दे लगीनेछ ।
- ✓ गुणस्तरीय सेवा तथा स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धीका लागी तालिम,अभिमुखीकरण गोष्ठी तथा अनसाइट कोचिङ तथा नियमित अनुगमन तथा सुपरिवेक्षण गरीनेछ ।
- ✓ सबै स्वास्थ्य संस्थाहरु मार्फत स्वास्थ्य जिवनशैलि प्रर्वद्धन गर्ने कार्यक्रमहरुको विकाश तथा विस्तार गरीनेछ । खाने पानी ,वातावरणीय सरसफाई,खाद्य सुरक्षा, शिक्षा लगायतका विषय सम्बन्धि निकायहरु सँग स्वास्थ्य प्रर्वधनका लागी बहुक्षेत्रिय समन्यलाई सुढृढ गरीनेछ ।
- ✓ महिला तथा बालबालिका लगायत विभिन्न उमेर समुहको शुक्ष्म पोषण अवस्था सुधारका लागि खाद्य विविधीकरण तथा सन्तुलित आहार उपभोगमा जोड दिइनेछ ।
- ✓ विधालय स्वास्थ्य कार्यक्रम र पोषण शिक्षालाई सुढृढीकरण गर्दे कार्यक्रम विकास तथा संचालन गरीनेछ ।
- ✓ सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सेवालाई गुणस्तरीय,सर्वसुलभ र पहुँच योग्य वनाइनेछ ।
- ✓ वायु प्रर्दूषण,जल प्रर्दुषण, ध्वनि प्रर्दूषण लगायतका वातावरणीय प्रर्दूषणका साथै खाद्यान्न प्रर्दूषणलाई बैज्ञानिक ढंगले नियगमन तथा नियंत्रण गर्नुका साथै कार्यक्रमहरुको विकास गरी लागू गरिनेछ ।
- ✓ महिलाको जिवनस्तर उकास्ने माग र आबश्यकतामा आधारित सीपमुलक व्यवसायिक तालिम प्रदान गर्दै क्षमता उकास्ने खालका कार्यक्रम गरिनेछ ।
- ✓ अपाङ्ग र ज्येष्ठ नागरिकलाइ समाजमा मर्यादित जिवनयापन गर्न सहज होस भनि सामाजिक सुरक्षा हुने खालका कार्यक्रमहरु संचालन गरिनेछ ।
- ✓ उर्लाबारी नगरपालिकामा बालमैत्री कार्यक्रम संचालन गर्नका लागि अब बन्ने सबै खाले भौतिक तथा अन्य खाले संरचनालाइ बालमैत्री सुचकको परिधीमा रहेर बालमैत्री बनाउने ।

# (घ) भौतिक पूर्वाधार विकास

**१. पृष्ठभूमिः**

विकासका विभिन्न क्षेत्रहरु मध्येमा एक अत्यन्त र महत्वपूर्ण क्षेत्रको रुपमा रहेको भौतिक पूर्वाधार विकास क्षेत्रले नगरको समग्र विकासमा महत्वपूर्ण योगदान बोकेको हुन्छ । पूर्वाधार निर्माण मुलुकको आर्थिक–सामाजिक रूपान्तरणसँग जोडिने विषय भएकोले यसमा वस्तुगत निक्र्योल जरूरी हुन्छ। विकास अर्थशास्त्र अनुसार, आर्थिक–सामाजिक रूपान्तरणको प्रमुख शर्त हो, पूर्वाधार। सडक, भवन, विद्युत्, टेलिफोन, खानेपानी, ढल, सिंचाइ भौतिक पूर्वाधारका विषय हुन्। नेपालको आर्थिक विकासको चर्चा गर्दा भौतिक पूर्वाधारलाई केन्द्रमा राख्ने गरिएको छ। गुणस्तरीय दैनिक जीवन तथा आर्थिक वृद्धिका लागि भौतिक पूर्वाधारको भूमिका अपरिहार्य रहेको हुन्छ । यस नगरपालिकाको समग्र विकासमा भौतिक विकासले नगरको आवरणलाई झल्काउदछ ।

## २. सक्षिप्त स्थिति (हामी कहा छौ ?)

यस उर्लाबारी नगरपालिकामा भौतिक पूर्वारधा विकास क्षेत्रमा विगतदेखि हालसम्म गरेका उपलब्धी र हालको अवस्थालाई विभिन्न उपक्षेत्रमा विभाजन गरि तल संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ ।

**सडक निर्माण तर्फः**

- कालोपत्रे सडक - ५१ कि.मि
- ग्राभेल सडक - ४१५.४६ कि.मि
- धुले सडक - ५४० कि.मि

**ड्रेन निर्माण तर्फः**

- साइड वाल र ड्रेन तर्फ - ७९.६४ कि.मि

**कल्भर्ट र पुल निर्माण तर्फः**

- कल्भर्ट - ४३ वटा
- बक्स कल्भर्ट - ८ वटा
- झोलुङ्गे पुल - २ वटा

**खानेपानी घारा जडानः**

- धारा जडान भएका संख्या - ७२०० घरधुरी

**भवन निर्माणः**

- सरकारी भवन निर्माण तर्फ - ९ वटा (वडा कार्यालय र आधारभूत स्वास्थ्य सेवा केन्द्र)

**विद्युतिकरण तर्फः**

- विद्युत मिटर जडान भएका घरधुरी संख्या - १७६८७ वटा
- उज्यालो उर्लाबारी कार्यक्रम अन्तरगत जडान भएका सडकबत्ति - ६२६ वटा

**३. सबल पक्षहरुः**

- लागत सहभागिता सम्बन्धी स्पष्ट मापदण्ड तयार भएको ।
- वार्षिक बजेट तथा कार्यक्रममा स्वीकृत योजना तथा कार्यक्रम मात्र सञ्चालन हुदै आएको ।
- पुर्व पश्चिम लोकमार्गले छोएको तथा उत्तरी भेगमा मदन भन्डारी राजमार्गले समेत छोएको ।
- भुउपयोग नीति तयार कार्यन्वयनको क्रममा रहेको ।
- World bank को सहयोगमा वडा नं. २ मा ५.४ किलोमिटर सडकको स्तरोन्तिको योजना सञ्चालनमा रहेको ।
- बढ्दो सहरीकरण र बजारीकरण ।
- समतल भूभाग ।
- खोला, नालाको उपलब्धता ।

**४. सुधार गर्नुपर्ने पक्षहरुः**

- एकिकृत सहरी विकास योजना सञ्चालन गर्नुपर्ने ।
- नगरलाई दिर्घकालिनरुपमा प्रभाव पार्ने ठूला महत्वका योजनालाई प्राथमिकता दिनु पर्ने ।
- भौतिक पूर्वाधार निर्माणका लागि दक्ष जनशक्तिको प्रयोग गरिनु पर्ने ।
- फोहोरमैला व्यवस्थापनका लागि उपर्युक्त योजना तर्जुमा गरिनु पर्ने ।
- सार्वजनिक-निजी साझेदारीमा नगरका महत्वपूर्ण योजना सञ्चालन गरिनु पर्ने ।
- निर्मित संरचना तथा पूर्वाधारहरुको संरक्षण तथा सम्बर्द्धनका लागि सरोकारवाला पक्षहरुको अपनत्व बोध गराउनु पर्ने ।

## ५. अवसर र चुनौतिहरुः

- प्रत्येक वडामा आवश्यक सेवा सुविधा पुगेको ।
- वडाका मुख्य बाटाहरु सडक सञ्जालबाट जोडिएको ।
- माग र आवश्यकता अनुसार बजेट व्यवस्थापन गर्न नसकिएको ।
- ठूला भौतिक पूर्वाधारका योजना कार्यान्वयनमा नगरपालिका र अन्य साझेदार निकाय बिच सहकार्य हुन नसकेको ।
- पर्यटन पूर्वाधार विकासका योजना प्राथमिकतामा पर्न नसकेको ।

## ६. लक्ष्य

- उर्लाबारी नगरपालिका भित्र निर्माण भएका भौतिक पूर्वाधारहरु व्यवस्थित, गुणस्तरीय हुनुका साथै निर्मित संरचनाहरुमा सर्वसाधारणको सहज पहुँचको सुनिश्चितता गर्ने ।

## ७.उदेश्य

- एकिकृत सहरी विकास योजना तयार गरी कार्यान्वयन गरिने ।
- नगर भित्रका सबै वडा र बस्तीमा पुग्ने सडक सञ्जालको निर्माण गर्ने ।
- आफ्नै सुविधासम्पन्न भवनबाट वडा कार्यालय र आधारभूत स्वास्थ्य सेवा सञ्चालन गर्ने ।
- योजना हस्तान्तरण, टोल विकास संस्थालाई सक्रिय र सुदृढिकरण गर्दै लगिने ।

## ८. क्रियाकलापहरु

- आधुनिक र सुविधायुक्त कृषि बजारको निर्माण र व्यवस्थापन गर्ने ।
- नगरको कम्तिमा एउटा सडकलाई नमूना सडकको रुपमा स्तरोन्नति गर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरुको सुविधाका लागि अपाङ्गमैत्री भवन निर्माण ।
- नगरका मुख्य सडकहरुमा सडक बत्ति विस्तार गर्ने ।
- Street naming र House numbering को कार्य गर्ने ।
- खुल्ला व्यायामशाला र पार्क निर्माणको योजना सञ्चालन गर्ने ।
- बक्राहाघाट थप व्यवस्थित बनाउने ।
- निर्माण हुन बाँकी रहेका वडा कार्यालय भवन र आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माण गरिदै लगिने ।

## ९. उपलब्धीमूलक सुचक

| क्रस | उपक्षेत्र | उपलब्धी मापनका सुचकहरु |
|---|---|---|
| १ | सडक सञ्जाल | • नगर क्षेत्रका भित्री बाटोहरुको अवस्था<br>• सडकहरुको स्तरोन्नतिको तथ्यांक<br>• सडकको गुणस्तर |
| २ | भवन निर्माण | • वडा कार्यालय भवन र आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माणको अवस्था<br>• सामुदायिक भवनहरुको निर्माण, थप कार्य र मर्मत सम्भार |
| ३ | सहरी विकास | • एकिकृत सहरी योजना तयार र कार्यान्वयन<br>• भूउपयोग मापदण्डको कार्यान्वयन<br>• अनलाईन घर नक्सा प्रणालीको कार्यान्वयन<br>• Street naming र House numberin g को योजना कार्यान्वयन<br>• न्यूनतम पूर्वाधारको व्यवस्था सहितको जग्गा प्लटिङ्ग र घर निर्माण । |
| ४ | सडक बत्ती | • उज्यालो नगर कार्यक्रमको विस्तार । |
| ५ | खानेपानी | • हरेक घरधुरीमा स्वच्छ खानेपानीको पहुँच<br>• विपन्न लक्षित खानेपानी जडान कार्यक्रमको कार्यन्वयन |

| | | |
|---|---|---|
| | ढल निकास | • ड्रेन सहितको सडक निर्माण<br>• ढल निकासको सुनिश्चितता सहितको घर निर्माण<br>• एकिकृत ढल निकास र प्रशोधनको योजना तयार र कार्यान्वयन |

**१०. रणनीतिहरुः**

- नगरपालिकाको सर्वाङ्गिण भौतिक विकासका लागि एकिकृत सहरी विकास योजना तयार गरी लागु गरिनेछ ।
- वार्षिक बजेट तथा योजना तर्जुमामा नगरलाई दिर्घकालिनरुपमा प्रभाव पार्ने ठूला महत्वका योजनालाई प्राथमिकता दिइनेछ ।
- नगरमा गरिने भौतिक पूर्वाधार निर्माणका लागि दक्ष जनशक्तिको प्रयोग गरिनेछ र सो जनशक्तीलाई समयानुकुल क्षमता विकास कार्यक्रम सञ्चालन गरी दक्ष बनाइनेछ ।
- फोहोरमैला व्यवस्थापनका लागि प्रशोधन केन्द्रको स्थापना गरिनेछ ।
- सार्वजनिक-निजी साझेदारीमा नगरका महत्वपूर्ण योजना सञ्चालन गरिनेछ ।
- टोल विकास संस्थालाई क्रियाशिल तथा क्षमतावान बनाउदै नगरपालिकबाट सञ्चालन हुने योजना तथा मर्मत सम्भारका कार्यमा टोल विकास संस्थाको प्रत्यक्ष सहभागिता गराइनेछ ।
- टोल विकास संस्था र उपभोक्ता समितिबाट गरिने कार्यहरुमा निर्मित संरचना तथा पूर्वाधारहरुको संरक्षण तथा सम्बर्द्धनका लागि अपनत्व बोध गराइनेछ ।
- उज्यालो उर्लाबारी कार्यक्रम मार्फत नगरका मुख्य सडकहरुमा सडक बत्ति विस्तार गरिनेछ ।
- नगरको Street naming र House numbering को कार्य गरिनेछ ।
- नगरको न्यूनतम एउटा सडकलाई नमूना सडकको रुपमा स्तरोन्नति गरिनेछ ।
- स्वस्थ्य समाज, स्वस्थ्य नगरको अवधारण अनुरुप खुल्ला व्ययामशाला र पार्क निर्माण गरिनेछ ।
- नगर गौरवको योजनाका रुपमा व्यवस्थित र सुरम्य बक्राहाघाट निर्माण गरि सञ्चालन गरिनेछ ।
- आफ्नै सुविधा सम्पन्न भवनबाट वडा कार्यालयको सेवा र आधारभूत स्वास्थ्य सेवा सञ्चालनका लागि भवन निर्माण गरिनेछ ।

१. पृष्ठभूमिः



# (ङ) वन, वातावरण तथा विपद् व्यवस्थापन

१. पृष्ठभूमिः

नगरक्षेत्र भित्र प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्नका लागि विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक रहेको हुन्छ । स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न पाउने प्रत्येक नागरिकको मौलिक अधिकारको संरक्षण गर्न, वातावरणीय प्रदूषण रोक्न र वातावरण र विकासबीच समुचित सन्तुलन कायम गर्न, प्रकृति, वातावरण र जैविक विविधतामा पर्ने प्रतिकूल वातावरणीय प्रभाव न्यूनिकरण गर्न तथा जलवायु परिवर्तनको चुनौतीलाई सामना गर्नको लागि वातावरण सम्बन्धी आवश्यक कानूनी व्यवस्था गर्नु वन, वातावरण तथा विपद् व्यवस्थापन विकास क्षेत्रभित्र पर्दछन् ।

## २. सक्षिप्त स्थिति (हामी कहा छौ ?)

यस उर्लाबारी नगरपालिकामा वन, वातावरण तथा विपद् व्यवस्थापन विकास क्षेत्रमा विगतदेखि हालसम्म गरेका उपलब्धी र हालको अवस्थालाई तल संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ ।

**उर्लाबारी नगर कार्यपालिकाको कार्यालयमा रहेका विपद् प्रतिकार्यका भौतिक स्रोत सामग्रीहरुः**

| क्र.सं. | सामाग्रीको नाम | इकाइ | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | बारुण यन्त्र | थान | १ | चालु हालतमा रहेको |
| २ | एम्वुलेन्स | थान | १ | चालु हालतमा रहेको |
| ३ | सव बाहन | थान | १ | चालु हालतमा रहेको |
| ४ | गल/झम्फल | थान | १७ | चालु हालतमा रहेको |
| ५ | घन | थान | १ | चालु हालतमा रहेको |
| ६ | कोदालो | थान | १७ | चालु हालतमा रहेको |
| ७ | फलामको ट्रली | थान | ८ | चालु हालतमा रहेको |
| ८ | डोरी | के.जी | ५ | चालु हालतमा रहेको |
| ९ | हातेपन्जा | थान | ६ | चालु हालतमा रहेको |
| १० | टिनको बाल्टी | थान | २१ | चालु हालतमा रहेको |
| ११ | स्टेचर | थान | ११ | चालु हालतमा रहेको |
| १२ | प्लाष्टिकको तगारी | थान | १२ | चालु हालतमा रहेको |

| | | | | |
|---|---|---|---|---|
| १३ | कम्बल | थान | ४ | चालु हालतमा रहेको |
| १४ | Fire extinguisher | थान | १ | चालु हालतमा रहेको |
| १५ | सेफ्टी हेलमेट | थान | ३६ | चालु हालतमा रहेको |
| १६ | बन्चरो | थान | १८ | चालु हालतमा रहेको |
| १७ | सेफ्टी ज्याकेट | थान | ४ | चालु हालतमा रहेको |
| १८ | हेन्ड माइक | थान | १ | चालु हालतमा रहेको |
| १९ | हसिया | थान | २६ | चालु हालतमा रहेको |
| २० | सानो आरा | थान | १८ | चालु हालतमा रहेको |
| २१ | गैती | थान | २५ | चालु हालतमा रहेको |
| २२ | म्याट | थान | ४ | चालु हालतमा रहेको |
| २३ | फलामको कुटे | थान | १ | चालु हालतमा रहेको |
| २४ | प्लाष्टिकको बाल्टी | थान | ४ | चालु हालतमा रहेको |
| २५ | प्लाष्टिकको जग | थान | ४ | चालु हालतमा रहेको |
| २६ | वाटर ट्युब हेभी | थान | २ | चालु हालतमा रहेको |
| २७ | थ्रो ब्याग | थान | २ | चालु हालतमा रहेको |

**नीतिगत र आर्थिक व्यवस्थाः**

| | | |
|---|---|---|
| १. | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन बनेको | ✓ |
| २. | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बनेको | X |
| ३. | विपद् व्यवस्थापन नीति बनेको | X |
| ४. | विपद् व्यवस्थापन रणनीति बनेको | X |
| ५. | स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना निर्माण भएको | ✓ |
| ६. | विपद् व्यवस्थापन कोष स्थापना भएको | ✓ |
| ७. | विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि तयार भएको | ✓ |
| ८. | राहत मापदण्ड तयार भएको | X |

**आपतकालिन कार्यसञ्चालन केन्द्र स्थापना भई सञ्चालनमा रहेको ।**

**फोहोरमैला निष्कासन सम्बन्धि अध्ययन प्रतिवेदन तयार भएको ।**

**कोशी-बक्राहा आयोजनाबाट सञ्चालित तटबन्धनको योजनाः**

- आ.व २०७७।०७८ मा
    - बक्राहा पुल उत्तर (आइतबारे) - ४०० मिटर
    - बक्राहा पुल दक्षिण (आइतबारे) - ४२५ मिटर
    - सोल्टी खोला चन्दने - ३५० मिटर
- आ.व २०७८।०७९ मा
    - नुनसरी बक्राहा दोभान - ३५० मिटर
    - बक्राहा पुल उत्तर (विशाल चौक) - १७० मिटर
    - सिसौली - ४०० मिटर
    - चिसापानी - २५० मिटर

**३. सबल पक्षहरुः**

- नीतिगत र कानूनी व्यवस्था निर्माण भएको ।
- फोहोरमैला निष्काशन सम्बन्धी अध्ययन प्रतिवेदन तयार भएको ।
- दमकल, सवबाहन र एम्बुलेसन रहेको ।
- विपद् प्रतिकार्य सामग्रीहरुको व्यवस्थापन भएको ।
- वातावरण शाखाको सांगठनिक सरचना र दरबन्दी रहेको ।

**४. सुधार गर्नुपर्ने पक्षहरुः**

- वातावरण अधिकृत सहितको वातावरण शाखाको स्थापना गरिनु पर्ने ।
- विपद् व्यवस्थापन पोर्टल सञ्चालन गरिनु पर्ने ।
- फोहोरमैलाको उचित व्यवस्थापनको लागि सुविधा सम्पन्न प्रशोधन केन्द्र स्थापना गरिनु पर्ने ।
- फोहोरमैलाको स्रोतमै वर्गिकरण गर्ने विषयक सचेतना कार्यक्रम सञ्चालन गरिनु पर्ने ।
- एक घर दुई बिरुवाको कार्यक्रम कार्यान्वयन गरिनु गर्ने ।
- सार्वजनिक स्थलमा वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनु पर्ने ।
- विपद् प्रतिकार्य सम्बन्धी तालिम सञ्चालन गरिनु पर्ने ।

- विपद् सूचना प्रणाली प्रयोगमा ल्याइनु पर्ने ।
- टोलस्तरमा विपद् प्रतिकार्य टोलीको गठन र तालिमको व्यवस्थापन गरिनु पर्ने ।

## ५. अवसर र चुनौतिहरुः

- स्पष्ट कानूनी व्यवस्था रहेको ।
- सालबसाली बजेट विनियोजन हुने गरेको ।
- बक्राहा, सुनझोडा, मावा, सोल्टी, तेली लगायतका खोला यस पालिका भएर बग्ने हुनाले वर्षेनी हुने कटान एक ठूलो चुनौती रहेको ।
- बजेट विनियोजन भएतापनी दिर्घकालिन सभाधानका लागि आन्तरिक स्रोत पर्याप्त भएको ।
- हात्ति आतंक ।
- वर्षायाममा बजारक्षेत्र डुवानको समस्या ।

## ६. लक्ष्य

- नगरमा सम्भावित प्रकोप, संकटासन्नता र क्षमता नक्साकंन गरी सबै सरोकारवालाहरुको सहभागिता सुनिश्चित गर्दै नगरको प्रकोप जोखिम न्यूनिकरण, पूर्वतयारी र प्रतिकार्य प्रणालीलाई योजनाबद्ध र प्रभावकारी विपद् व्यवस्थापन गरी विपद् उत्थानशिल नगरको रुपमा विकास गर्ने ।
- वन, वनस्पती, वन्यजन्तु, जैविक विविधता र जलाधारजन्य स्रोतको दिगो संरक्षण, व्यवस्थापन र सदुपयोग गर्ने ।

## ७. उदेश्य

- संकटासन्न स्थानको म्यापिङ्ग गर्ने ।
- विपद्को पूर्वतयारी र प्रतिकार्य प्रणालीको विकास गर्ने ।
- टोलस्तरमा विपद् प्रतिकार्य सम्बन्धी सचेतना सञ्चालन र जनशक्ति विकास गर्ने ।
- जलबायु परिवर्तनबाट हुने असरहरुको बारेमा सुसूचित गराउदै जलवायु अनुकुलनका उपाय बारे साक्षात्कार कार्यक्रम सञ्चालन गर्ने ।
- सिमासारको संरक्षण र व्यवस्थापन गरी पर्यटन प्रबर्द्धन गर्ने ।
- बढदो सहरीकरणबाट सिर्जना हुने फोहोरमैलाको दिगो र वैज्ञानिक व्यवस्थापनका लागि एकल तथा पालिकास्तरीय साझेदारी कार्यक्रम सञ्चालन गर्ने ।

## ८. क्रियाकलापहरु

- नगरपालिकाको विपद् जोखिम क्षेत्रको पहिचानका लागि Hazard म्यापिङ्ग गर्ने ।
- विपद सूचना प्रणलीको स्थापना गर्ने ।
- टोलस्तरीय विपद् प्रतिकार्य टोलीको गठन र क्षमता विकास गर्ने ।
- विद्यालयस्तरमा जलवायु परिवर्तनको कारण, असर तथा अनुकुलनका उपायहरु सम्बोधन हुने कक्षा सञ्चालन गर्ने ।
- नगर क्षेत्रमा रहेका सिमसारलाई पर्यटकीय विकासका लागि गुरुयोजना निर्माण गर्ने ।
- फोहोरमैलाको दिगो व्यवस्थापनका लागि प्रशोधन केन्द्रको पूर्वाधार निर्माण गर्ने ।
- साझा सरोकारको विषयको रुपमा रहेको फोहोरमैला व्यवस्थापनलाई दुई वा दुई भन्दा बढी पालिकाको साझेदारीमा व्यवस्थापनका लागि ल्याण्ड फिल्ड साईटको व्यवस्थापन गर्ने ।

## ९. उपलब्धीमूलक सुचक

| क्रस | उपक्षेत्र | उपलब्धी मापनका सुचकहरु |
|---|---|---|
| १ | विपद पूर्वसूचना | • सफ्टवेयरमा आधारित सूचना प्रणाली<br>• सचेतना कार्यक्रम<br>• नदीक्षेत्र राखिने पूर्व सूचना उपकरण |
| २ | विपद् प्रतिकार्य | • आपतकालिन कार्यसञ्चालन केन्द्र<br>• टोलस्तरीय प्रतिकार्य टोली<br>• नगरस्तरीय विपद् व्यवस्थापन समिति<br>• अन्तरपालिकास्तरीय संयन्त्र |
| ३ | विपद् पछिको पुर्नस्थापना | • राहत वितरण<br>• सुरक्षित स्थानमा स्थानान्तरण<br>• विपद् पछिको जिविकोपार्जन |

**१०. रणनीतिहरुः**

- अभिलेख तथा सूचना केन्द्रको रुपमा आपतकालिन कार्यसञ्चालन केन्द्रलाई व्यवस्थित गर्दै लगिनेछ ।
- विपद् सूचना केन्द्रबाट प्राप्त सूचनाहरुलाई विपद् व्यवस्थापन पोर्टलमा नियमित अध्यावधिक गरिनेछ ।
- अन्तर सरकार, निजी क्षेत्र, साझेदारी संस्थासँगको फोहोरमैलाको उचित व्यवस्थापनको लागि सुविधा सम्पन्न प्रशोधन केन्द्र स्थापना गरिनेछ ।
- फोहोरमैलाको उचित व्यवस्थापनका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- सामुदायिक वनसँगको सहकार्यमा हरियाली प्रबर्द्धन तथा वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ ।
- विपद् प्रतिकार्य सम्बन्धी औजार तथा सामग्रीको व्यवस्थापन गरिनेछ ।
- टोल टोलमा विपद् प्रतिकार्य टोलीको गठन र क्रियाशिल बनाईनेछ ।
- नदीजन्य कटान नियन्त्रणका लागि स्थायी तटबन्धन निर्माण, बायो इन्जिनियरिङ्ग प्रणालीको विकास गरिनेछ ।
- सकटापन्न क्षेत्रमा वैकल्पिक खेति प्रणालीको अवलम्बन गरिनेछ ।
- नगरको ढल निकासको योजना बनाई सञ्चालन गरिनेछ ।